# सुरक्षित संरचना निर्माण नीति

## सिंजा गाउँपालिका, जुम्ला

२०८२

Contents


पृष्ठभूमि: ........ 5

विगतका प्रयासहरु ........ 6

**१. भौगोलिक जोखिम मूल्यांकन र नक्सा प्रमाणीकरणको कार्यान्वयन** ........ 6

**२. सुरक्षित विद्यालय भवन निर्माण** ........ 6

**३. स्थानिय स्तरमै प्राविधिक जनशक्ति परिचालन** ........ 7

**४. स्थानीय भवन निर्माण कार्यविधिको निर्माण** ........ 7

**५. साझेदारीमा आधारित पूर्वाधार विकास** ........ 7

**६ विगतका प्रयासहरूको प्रभाव र सिकाइहरू** ........ 7

बर्तमान अवस्था ........ 8

**१राष्ट्रिय भवन संहिता र स्थानीय मापदण्डको परिचय .** ........ 8

**२पालना हुँदै आएको अभ्यास** ........ 8

**३कार्यान्वयनमा देखिएको कमी** ........ 9

समस्या तथा चुनैतीहरु ........ 10

नीति निर्माणको आवश्यकता ........ 11

रणनीति ........ 14

नीति कार्यनीति ........ 16

नीति नंजोखिमयुक्त स्थानमा संरचना निर्माण रोकथाम सम्बन्धी नीति :१ ........ 16

नीति नं. २: भवन निर्माण पूर्व प्राविधिक मूल्याङ्कन सम्बन्धी नीति ........ 16

नीति नं. ३: सामुदायिक सहभागिता प्रवर्द्धन नीति ........ 17

नीति नं. ४: प्राविधिक जनशक्ति विकास नीति ........ 17

नीति नं .५ आपतकालीन संरचना मूल्याङ्कन र तत्परता नीति ........ 18

नीति ६ दिगो निर्माण सामग्री प्रवर्दन ........ 18

नीति ७ पहुँच योग्य संरचना निर्माण ........ 19

नीति ८ शैक्षिक संरचनाको सुरक्षा ........ 19

६शिक्षामा संरचनात्मक सुरक्षा र अभिलेखीकरण :विद्यालयको भूमिका ....24
७मापदण्डमा आधारित गुणस्तरीय निर्माण :निर्माण कम्पनीहरूको भूमिका ....25
सस्थागत सरचना....25
**१प्राविधिक शाखाको कार्यहरू** ....25
**२विपद् व्यवस्थापन समितिको कार्यहरू** ....26
**३भवन अनुमति समितिको कार्यहरू** ....26
**४अनुगमन टोलीको कार्यहरू** ....27
आर्थिक पक्ष....28
१. सुरक्षित संरचना निर्माणका लागि तीनै तहको बजेट विनियोजन प्रणाली....28
१.१ संघीय सरकार (केन्द्र)....28
१.२ प्रदेश सरकार....28
१.३ स्थानीय सरकार....28
२. संरचना निर्माणसम्बन्धी बजेटका मुख्य शीर्षकहरू....29
३. स्थानीय सरकारको बजेट प्रकृयामा संरचनाहरुका लागी वजेट छुट्याउँन सहभागिताहुने....29
३.१ बजेट निर्माण प्रक्रिया (Participatory Planning)....29
३.२ प्राथमिकताका आधारमा बजेट छुट्याउने....30
४. गैरसरकारी संस्थाको सहयोग: वैकल्पिक स्रोत र सहकार्य....30
४.१ सहयोगका किसिमहरू....30
४.२ समन्वय विधि....30
५. पारदर्शी बजेट व्यवस्थापन सुशासनको आधार....30
५.१ आवश्यक उपायहरू....30
५.२ नागरिक संलग्नता....31
कानुनी व्यवस्था....31
१. राष्ट्रिय भवन संहिता (NBC) र स्थानीय मापदण्डको पालना....31
१.१ राष्ट्रिय भवन संहिता (Nepal National Building Code - NBC)....31
१.२ स्थानीय सरकारका निर्माणसम्बन्धी कार्यविधि र मापदण्ड....32
२. अनुमति बिना गरिएको संरचना निर्माणमा कारबाही....32
२.१ कानुनी व्यवस्था....32
२.२ कारबाही प्रक्रिया (सामान्यतः):....32
२.३ उदाहरणीय प्रावधानहरू:....33
३. जोखिमयुक्त संरचनाको सुधार वा स्थानान्तरण....33
३.१ कानुनी आधारः....33

## पृष्ठभूमि:

सिजाँ गाउँपालिका, जुम्ला कर्णाली प्रदेशको एक विकट हिमाली गाउँपालिका हो, जहाँ भौगोलिक कठिनाई, अव्यवस्थित बसोबास र न्यून पूर्वाधार विकासले गर्दा जनजीवन जोखिममा रहँदै आएको छ। विगतमा आएको भूकम्प, पहिरो र आगलागीका घटनाहरूले संरचना निर्माणमा सावधानीपूर्वक सोच र दीर्घकालीन योजना आवश्यक रहेको स्पष्ट पारेका छन्। धेरैजसो भवनहरू परम्परागत ढाँचामा निर्मित छन्, जसमा सुरक्षित संरचना सम्बन्धी प्राविधिक मापदण्डको अभाव रहेको छ। यही सन्दर्भमा सुरक्षित, वातावरणमैत्री, दिगो र विपद्-प्रतिरोधी संरचना निर्माणको सुनिश्चितता गर्न स्पष्ट र व्यवहारिक नीतिको खाँचो देखिएको छ।

सुरक्षित संरचना निर्माण नीतिको उद्देश्य भनेको संरचना निर्माणमा स्थानीय आवश्यकतालाई ध्यानमा राख्दै आधुनिक प्रविधिको उपयोग, कानुनी सरोकार, अनुगमन, वित्तीय स्रोत परिचालन, प्राविधिक जनशक्ति अभिवृद्धि र दीर्घकालीन दिगोपनाको सिद्धान्त समेट्ने नीति दस्तावेज विकास गर्नु हो। यसले गाउँपालिकाभित्र हुने सबै निर्माण कार्यलाई गुणस्तरीय, सुरक्षित र सामाजिक उत्तरदायित्वयुक्त बनाउन मार्गदर्शन गर्नेछ।

यो नीति राष्ट्रिय भवन निर्माण संहिताको मापदण्डमा आधारित भए तापनि सिजाँ गाउँपालिकाको विशिष्ट भौगोलिक, सामाजिक र आर्थिक सन्दर्भअनुसार परिमार्जन र स्थानीयकरण गरिएको छ। नीति कार्यान्वयन गर्दा जनसहभागिता, सामुदायिक स्वामित्व र सरकार–साझेदार संस्थाबीचको समन्वयलाई विशेष प्राथमिकता दिइनेछ।

## विगतका प्रयासहरु

पालिका, PACE Nepal, Caritas Nepal लगायत संस्थाहरूले सुरक्षित संरचना निर्माणका लागि विभिन्न कार्यक्रम सञ्चालन गरेका छन्। स्थानीय तहले भवन अनुमति प्रक्रिया र अनुगमनलाई सशक्त बनाउन पहल गरिरहेको छ।

पालिकावाट सुरक्षित भवन संरचना निर्माणमा गरिएका अभ्यासहरू तथा विगतका प्रयासहरु अन्तरगत यस पालिकामा पनि नेपालको संविधान २०७२ अनुसार स्थानीय तहलाई शिक्षासहितको आधारभूत सेवा प्रवाह गर्ने जिम्मेवारी दिइएको छ। यसै अनुरूप, सुरक्षित भवन संरचना निर्माण स्थानीय तहहरूको प्रमुख कार्यक्षेत्र बनिरहेको छ। विशेष गरी २०७२ को विनाशकारी भूकम्पपछि सुरक्षित, विपद्-प्रतिरोधी र दिगो भवन निर्माणप्रति व्यापक ध्यान केन्द्रित गरिएको हो। यस

सन्दर्भमा स्थानीय तहहरूद्वारा अपनाइएका प्रमुख अभ्यासहरू र विगतका प्रयासहरू निम्नानुसार छन्:

## १. भौगोलिक जोखिम मूल्यांकन र नक्सा प्रमाणीकरणको कार्यान्वयन

विगतमा भवन निर्माणका लागि कुनै वैज्ञानिक मूल्यांकन नहुँदा धेरै संरचनाहरू जोखिमयुक्त स्थानमा निर्माण गरिन्थे। हाल स्थानीय तहहरूले निर्माण पूर्व भू-जोखिम मूल्यांकन गर्ने अभ्यासलाई प्राथमिकता दिएका छन्। पालिकाहरूले स्वीकृत नक्सा बिना निर्माण कार्य नगर्न निर्देशन जारी गरेका छन्। यसले जोखिम न्यूनीकरणमा सहयोग गरेको छ।

## २. सुरक्षित विद्यालय भवन निर्माण

विद्यालयमा अध्ययनरत बालबालिकाको सुरक्षा सुनिश्चित गर्न स्थानीय सरकारले भूकम्प प्रतिरोधी विद्यालय भवन निर्माणलाई प्राथमिकता दिएका छन् । PACE Nepal Plan international, Caritas Nepal जस्ता साझेदार संस्थाको सहयोगमा स्थानीय तहले Masons र Sub-engineers लाई प्रशिक्षण दिई प्राविधिक मापदण्डअनुसार संरचना निर्माण गराएका छन्। कतिपय पालिकाले "Build Back Better" अवधारणाअनुरूप पुनर्निर्माण गरेका छन्।

## ३. स्थानिय स्तरमै प्राविधिक जनशक्ति परिचालन

सुरक्षित भवनको सुनिश्चितताका लागि प्राविधिकहरूको भूमिकालाई महत्त्व दिइएको छ। हाल पालिकाले आफ्नै तहमा निर्माण इन्जिनियर, सब-इन्जिनियर, ओभरसियर, मिस्त्री लगायत प्राविधिक नियुक्त गरेका छन्। यसले डिजाइनअनुसार निर्माण सुनिश्चित गर्न सहजता दिएको छ।

## ४. स्थानीय भवन निर्माण कार्यविधिको निर्माण

विगतका अनुभवलाई आधार मानेर आफ्नो क्षेत्रको भौगोलिक तथा सामाजिक सन्दर्भअनुकूल भवन निर्माणसम्बन्धी कार्यविधि तयार पार्न पहल गरिएको छ । कार्यविधिमा निर्माण सामग्रीको गुणस्तर, न्यूनतम मापदण्ड, र अनुगमन प्रक्रिया उल्लेख गरिएको छ ।

## ५. साझेदारीमा आधारित पूर्वाधार विकास

Caritas Nepal, PACE Nepal लगायतका संघसंस्थासँगको सहकार्यमा समुदायमा संरचना निर्माण पूर्व जोखिम मूल्यांकन, सुरक्षित भवनको मापदण्ड निर्धारण, र स्थानियस्तरमा जनचेतना कार्यक्रम

सञ्चालन गरिएको छ। यसले दीर्घकालीन सुरक्षित संरचना निर्माण संस्कृतिको विकासमा सहयोग पुर्याएको छ।

## ६ विगतका प्रयासहरूको प्रभाव र सिकाइहरू

- **निरन्तर क्षमता विकास कार्यक्रमहरू:** पालिकामा निर्माण कार्यमा संलग्न प्राविधिक तथा मजदुरहरूलाई नियमित तालिम दिइएको पाइन्छ। यसले सुरक्षित भवन निर्माण प्रविधिमा स्थानीय जनशक्ति सक्षम बन्ने वातावरण बनाएको छ।
- **नियमित अनुगमन र निर्माण निरीक्षण:** स्थानीय तहले भवन निर्माणका क्रममा नियमित निरीक्षणको प्रावधान राखेका छन्। यसले भवनको संरचना तय मापदण्डअनुसार भइरहेको वा नभएको सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ।
- **समुदायमा जनचेतना विस्तार:** भवन सुरक्षित बनाउन सामुदायिक स्तरमा जनचेतना अभिवृद्धिका लागि सूचना, शिक्षा तथा सञ्चार (IEC) सामग्रीहरू वितरण गर्ने, सार्वजनिक सूचना बोर्डहरू राख्ने, स्थानीय रेडियोहरूमा कार्यक्रम प्रसारण गर्ने प्रयासहरू भएका छन्।

पालिकाले सुरक्षित भवन संरचना निर्माणमा उल्लेखनीय पहल गरेका छन्। विगतका भूकम्पजस्ता विपद्हरूबाट सिक्दै निर्माण प्रणालीमा सुधार र सुदृढीकरणको दिशा तय गरिएको छ। यद्यपि, अझै पनि केही चुनौतिहरू यथावत् छन् – विशेष गरी बजेट अभाव, प्राविधिकको अस्थायीता, र ग्रामीण क्षेत्रमा जनचेतनाको न्यूनता। आगामी दिनमा सुरक्षित भवन निर्माणलाई सुनिश्चित गर्न नीति, योजना, स्रोत र प्रविधिको समन्वयात्मक प्रयोग अपरिहार्य देखिन्छ।

## बर्तमान अवस्था

स्थानीय भवन निर्माणमा राष्ट्रिय भवन संहिता र स्थानीय मापदण्ड सामान्य तरिकाले पालना हुँदै आएको छ। यद्यपि, प्राविधिक जनशक्ति र स्रोतको अभावले गर्दा कार्यान्वयनमा कमी देखिन्छ। स्थानीय भवन निर्माणमा राष्ट्रिय भवन संहिता र स्थानीय मापदण्डको कार्यान्वयन पालिकामा भौगोलिक विविधता, सामाजिक-आर्थिक अवस्था र प्राकृतिक प्रकोपको उच्च जोखिमका कारण सुरक्षित र दिगो भवन संरचना निर्माण अति आवश्यक रहेको छ। नेपालको संविधानले स्थानीय तहलाई योजना निर्माण, स्वीकृति तथा भवन निर्माण सम्बन्धी कानुनी अधिकार प्रदान गरेको छ। त्यसअनुरूप, स्थानीय सरकारले निर्माणका सबै प्रक्रिया राष्ट्रिय भवन संहिता (NBC) र आफ्नै स्थानीय मापदण्डहरू अनुसार सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था रहेको भए पनि व्यवहारमा यसको पूर्ण कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ।

### १. राष्ट्रिय भवन संहिता र स्थानीय मापदण्डको परिचय

राष्ट्रिय भवन संहिता (NBC) नेपाल सरकारले निर्माण कार्यमा सुरक्षात्मक, वातावरणमैत्री र प्राविधिक मापदण्डका साथ निर्माण गराउन लागू गरेको दस्तावेज हो। स्थानीय तहहरूले आफ्ना भौगोलिक, सांस्कृतिक र भूकम्प जोखिमका विशेषताअनुसार स्थानिय मापदण्डहरू (Local Building Bye-laws) निर्माण गरेका छन्। यी दुवै मापदण्डहरू सुरक्षित भवन निर्माणको आधारस्तम्भ हुन्।

## २. पालना हुँदै आएको अभ्यास

### क. नक्सा स्वीकृति प्रक्रियामा मापदण्डको प्रयोग

हाल गाउँपालिकाहरूले भवन निर्माणका लागि नक्सा स्वीकृत गर्दा NBC २०५५ तथा त्यसको परिशोधित संस्करण अनुसारको संरचना डिजाइन माग गरिरहेका छन्। केही पालिकामा अनलाइन प्रणालीमार्फत निर्माण अनुमति दिने अभ्यास पनि सुरु गरिएको छ, जसले प्रक्रिया पारदर्शी बनाएको छ।

### ख. भवन निर्माण पूर्व र अनुगमन प्रक्रियामा ध्यान

स्थानीय तहले निर्माण कार्य सुरु हुनु पूर्व भूगर्भ परीक्षण, भू-जोखिम मूल्याङ्कन, र नक्सा प्रमाणीकरण गराउनुपर्ने व्यवस्था गरेका छन्। निर्माणको क्रममा इन्जिनियरद्वारा चरणबद्ध अनुगमन र निरीक्षणसमेत गर्ने अभ्यास पालिकामा देखिएको छ। PACE Nepal Caritas Nepal र पालिकाले वनाउने भवन निर्माण पूर्व माटो परिक्षण गर्ने गरिएको छ ।

## ३. कार्यान्वयनमा देखिएको कमी

### क. प्राविधिक जनशक्ति अभाव

विशेषगरी गाउँपालिका स्तरमा स्थायी प्राविधिक जनशक्ति नहुँदा भवन निर्माण अनुगमन तथा स्वीकृति प्रक्रिया प्रभावकारी देखिँदैन। पालिकामा ओभरसियर वा सबइन्जिनियर स्तरको कर्मचारी मात्र छन् जसले एकसाथ सबै पूर्वाधारको जिम्मेवारी सम्हालिरहेका छन्।

### ख. आर्थिक स्रोतको सीमितता

भवन निर्माण नियमन र अनुगमन कार्यका लागि आवश्यक प्राविधिक उपकरण, सफ्टवेयर, तालिम, र अनुगमन संयन्त्र निर्माण गर्न स्रोतको अभाव छ। पालिकाहरूले सिमित बजेटका कारण भौतिक पूर्वाधारमा प्राथमिकता दिएर नियमन पक्ष उपेक्षा गरेका छन् यस नीतिले वजेटको व्यवस्थापन गरिने छ ।

### ग. सचेतना र स्वामित्वको अभाव

सेवाग्राहीहरूमा भवन संहिता तथा मापदण्ड पालना गर्नुको महत्वबारे पर्याप्त सचेतना नहुँदा नियमको उल्लंघन हुने गरेको पाइन्छ। निर्माण कार्य गर्ने मिस्त्री, ठेकेदार तथा घरधनीहरू प्राविधिक मापदण्ड नबुझी वा बेवास्ता गरी निर्माणमा संलग्न हुने प्रवृत्ति विद्यमान छ।

**घ. प्रविधि प्रयोगको न्यूनता**

डिजिटल नक्शा स्वीकृति प्रणाली, अनलाइन अनुमति प्रणाली, GIS आधारित भू-संरचना नक्शाङ्कन लगायत प्रविधिको प्रयोग धेरैजसो स्थानीय तहमा सुरु भइसकेको छैन। प्रविधिको प्रयोग नहुँदा अपारदर्शी कार्यशैली, ढिलासुस्ती र अनुगमनको कमजोरी देखिन्छ।

**४. सुधारका सम्भावना र अगाडि बढ्ने बाटो**

स्थायी प्राविधिक जनशक्ति भर्ती: स्थानीय तहले इन्जिनियर, सबइन्जिनियर र भवन निरीक्षकहरूको स्थायी पदपूर्ति गरी सुरक्षित भवन निर्माण नियमनमा सशक्त भूमिका खेल्नुपर्ने देखिन्छ।

नियमित तालिम तथा क्षमता विकास: भवन निर्माणसँग सम्बन्धित कर्मचारी, जनप्रतिनिधि तथा निर्माणकर्मीहरूलाई नियमित प्रशिक्षण दिई भवन संहिता र मापदण्डको व्यवहारिक प्रयोग गराउनु आवश्यक छ।

नियमन प्रणालीलाई मजबुत बनाउने: पालिकाले भवन निरीक्षण प्रणाली, गुनासो सुनुवाइ व्यवस्था, र दण्ड प्रक्रिया सुनिश्चित गर्नुपर्ने देखिन्छ।

ICT प्रणालीको उपयोग: नक्शा स्वीकृति, अनुगमन, फिडब्याक प्रणालीलाई डिजिटल बनाउने हो भने पारदर्शिता र प्रभावकारिता दुवै वृर्दि हुनेछ।

राष्ट्रिय भवन संहिता र स्थानीय मापदण्डको प्रयोग सुरक्षित भवन निर्माणका लागि अत्यावश्यक अवयव हुन्। यद्यपि, हालसम्म स्थानीय तहमा यसको कार्यान्वयन आंशिक रूपमा मात्रै भएको देखिन्छ। प्राविधिक जनशक्ति, स्रोतको कमी, प्रविधिको अभाव र सचेतनाको कमी कार्यान्वयनको प्रमुख चुनौती हुन्। आगामी दिनमा संरचना निर्माणलाई सुरक्षित, वैज्ञानिक र दिगो बनाउने दिशामा स्थानीय तहहरूले नीतिगत प्रतिबद्धता र व्यवहारिक कार्यान्वयनमा जोड दिन जरुरी देखिन्छ।

## समस्या तथा चुनैतीहरु

स्थानीय भवन निर्माणमा राष्ट्रिय भवन संहिता र स्थानीय मापदण्डका समस्या तथा चुनौतीहरू नेपालको संविधानले स्थानीय तहलाई पूर्वाधार विकास र भवन निर्माण कार्यमा नीति, योजना तथा कार्यान्वयनको अधिकार दिएको छ। राष्ट्रिय भवन संहिता र स्थानीय मापदण्ड संरक्षित, सुरक्षित र वातावरणमैत्री भवन निर्माणका लागि अपरिहार्य मानिन्छन्। यद्यपि, व्यवहारमा तिनको कार्यान्वयन विविध समस्याबाट ग्रस्त

देखिन्छ। स्थानीय तहहरूमा कार्यान्वयनमा रहेका प्रमुख समस्या र चुनौतीहरू निम्न बुँदामा व्याख्या गरिएको छ:

**१. प्राविधिक जनशक्तिको अभाव**

अधिकांश स्थानीय तहमा स्थायी इन्जिनियर, सबइन्जिनियर, भवन निरीक्षकजस्ता प्राविधिक पद रिक्त छन्। सिमित कर्मचारीले सबै पूर्वाधार योजनाको जिम्मा सम्हालिरहेका छन्, जसले भवन स्वीकृति, अनुगमन र प्राविधिक मूल्यांकन कार्यमा प्रभाव पारिरहेको छ। स्रोत नहुँदा बाह्य प्राविधिकमा निर्भरता उच्च छ, जसले दीर्घकालीन प्रश्न उठाउँछ।

**२. भवन मापदण्डको न्यून पालना**

हाल पनि धेरै निजी घरधनी र निर्माण व्यवसायीहरूले भवन संहिता तथा स्थानीय मापदण्डबिना नै भवन निर्माण गरिरहेका छन्। धेरैजसो ग्रामीण क्षेत्रमा भवन नक्सा स्वीकृत गर्ने प्रचलन नै छैन। यसले जीवन र सम्पत्तिमा विपद् हुँदा ठुलो जोखिम निम्त्याउने सम्भावना हुन्छ।

**३. जोखिम न्यूनीकरणमा जनचेतनाको कमी**

सामुदायिक स्तरमा भवनको संरचनागत सुरक्षा, विपद् जोखिम न्यूनीकरण, र भूकम्प प्रतिरोधी डिजाइनबारे सीमित मात्रामा जनचेतना छ। घर निर्माण गर्दा भवन बलियो भए/नभएकोभन्दा पनि लागत र सुविधा हेर्ने प्रवृत्ति छ। यसले मापदण्डविपरीतको संरचना निर्माणलाई प्रोत्साहन दिएको छ।

**४. अनुगमन र कानुनी कार्यान्वयन कमजोर हुनु**

भवन निर्माणको अनुमति लिएपछि कतिपय निजी संरचनाहरूमा प्राविधिकको कुनै निरीक्षण हुँदैन। निरीक्षणको प्रभावकारी संयन्त्र र जनशक्ति नभएको कारणले कार्यान्वयनमा कमजोर पक्ष देखिन्छ। त्यस्तै, मापदण्ड उल्लंघन गर्नेहरूलाई कारबाही गर्ने कानुनी प्रावधान भए पनि व्यवहारमा दण्ड नलाग्ने प्रवृत्तिले कानुनको कार्यान्वयनमा कमजोरी देखिन्छ।

**५. जोखिमयुक्त क्षेत्रहरूको पहिचान र व्यवस्थापन चुनौतीपूर्ण**

पालिकामा जोखिमयुक्त बस्ती, भू-स्खलन, नदीकटान तथा भूकम्पजन्य संवेदनशील क्षेत्रको पहिचान गर्न नसकेको वा प्राथमिकतामा कम पाइएको छ। यसले जोखिमयुक्त स्थानमै भवन निर्माण भइरहने अवस्था सिर्जना गरेको छ।

नियम, मापदण्ड र संहिता भएको भए पनि व्यवहारिक कार्यान्वयनमा स्थानीय तहहरू अझै पनि संरचना निर्माणका महत्वपूर्ण पक्षहरूमा चुनौतीपूर्ण अवस्थाबाट गुज्रिरहेका छन्। दीगो समाधानका लागि मानव स्रोत, प्रविधि, नीति र कानुनी कार्यान्वयनमा सुधार अनिवार्य छ।

# नीति निर्माणको आवश्यकता

स्थानीय भौगोलिक, सामाजिक र आर्थिक अवस्थालाई ध्यानमा राख्दै दीगो, व्यवहारिक र कार्यान्वयनयोग्य संरचना निर्माण नीति आवश्यक छ। सुरक्षित संरचना निर्माणका भौगोलिक, सामाजिक, तथा आर्थिक दृष्टिले विविधतायुक्त पालिकामा सुरक्षित र दिगो संरचना निर्माणको आवश्यकता झनै सघन हुँदै गएको छ। विशेषतः भूकम्प, भू-स्खलन, बाढी, डुबान लगायत प्राकृतिक प्रकोपको जोखिमपूर्ण सन्दर्भमा, भवन संरचना निर्माणमा दीर्घकालीन सोच, स्पष्ट नीति, र स्थान-विशेषमैत्री कार्यविधि अत्यावश्यक छ।

**१. स्थानीय सन्दर्भअनुकूल नीति आवश्यक**

हालका अधिकांश निर्माण नीति तथा संहिता "एकरुपता"मा आधारित छन्, जसले सबै भूगोलका लागि एउटै मापदण्ड लागू गर्ने अभ्यासलाई बल दिन्छ। तर, हिमाली भेगमा लागू हुने भवन संरचना, निर्माण प्रविधि तथा उपलब्ध सामग्रीमा स्पष्ट भिन्नता हुन्छ। त्यसैले नीति निर्माण गर्दा स्थानीयता, जनसंख्या घनत्व, भू-प्रकृति, पहुँच र सामाजिक संस्कृति जस्ता पक्षलाई समावेश गर्ने संरचना नीति आवश्यक छ।

**२. नीति विहीनताले ल्याएका समस्या**

अहिलेसम्म सुरक्षित भवन निर्माणका लागि स्थानीय तहमा स्पष्ट, स्वीकृत र व्यवहारिक नीति प्रायः छैनन्। यसले गर्दा भवन स्वीकृति, निर्माण, अनुगमन र हस्तान्तरणमा एकरुपता नआएको देखिन्छ। पालिकाले आफ्नै कार्यविधि ल्याएको छ तर तिनमा राष्ट्रिय सरोकार र स्थानिय सन्दर्भको समन्वय कमजोर छ।

**३. नीति निर्माणले दिने लाभहरू**

**एकरुप मापदण्ड र प्रक्रियाः** सबै संरचना योजनाहरूमा स्पष्ट दिशानिर्देश हुने।

**जोखिम न्यूनीकरणः** जोखिमयुक्त क्षेत्रको पहिचान, भवनको स्थान निर्धारण, तथा प्रतिरोधी डिजाईन सुनिश्चित हुने।

**स्रोतको लक्ष्यनिर्देशित प्रयोगः** बजेट विनियोजन, मानव स्रोत परिचालन र प्रविधिको प्रयोग प्रणालीगत हुने।

**स्थानीय स्वामित्व र जनसहभागिताः** नीति निर्माणमा सहभागी हुँदा जनताको स्वामित्व बढ्ने र नियमको पालना सहज हुने।

**४. व्यवहारिक नीति निर्माणका आधारहरू**

स्थानीय भूगोल, जोखिम र सामाजिक संरचनाको अध्ययन। सम्बन्धित पक्षको सहभागितामूलक परामर्श प्रक्रिया (जनप्रतिनिधि, इन्जिनियर, योजना शाखा, समुदाय)। मौजुदा नीति तथा संहिताको समीक्षामार्फत सुधार। निर्माण अनुमतिको डिजिटल प्रणाली र पारदर्शिता प्रवर्द्धन।

सुरक्षित संरचना निर्माण कुनै एकपटकको काम होइन, यो एक निरन्तर प्रक्रिया हो। त्यसका लागि आवश्यकता, सन्दर्भ र भविष्यको सम्भावनालाई ध्यानमा राखेर निर्माण हुने नीति नै मूल आधार हो। व्यवहारिक, कार्यान्वयनयोग्य, स्रोतमैत्री र स्थानिय सन्दर्भमैत्री संरचना नीति बिना सुरक्षित, दिगो र समावेशी विकास सम्भव देखिंदैन। त्यसैले तत्काल नीति निर्माणको पहल आवश्यक छ।

## दुर दृष्टी:

सुरक्षित, दिगो र समावेशी संरचना निर्माणमार्फत विपद् प्रतिरोधी गाउँपालिका स्थापना।

## लक्ष्य:

भवन संहिता अनुसार संरचना निर्माण, जोखिम न्यूनीकरण, कानुनी व्यवस्थाको सुदृढीकरण।

## उद्देश्य:

- **जीवन र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्नु:**
  भूकम्प, बाढी, भू-स्खलनजस्ता प्राकृतिक प्रकोपबाट जनधनको क्षति न्यूनीकरण गर्ने संरचना निर्माणलाई प्रवर्द्धन गर्नु।
- **स्थानीय भूगोलअनुकूल भवन निर्माण प्रणाली विकास गर्नु:**
  हिमाल, माथिल्लो भेक तलको ज्युला भेग लगायत क्षेत्रको भौगोलिक विशिष्टता अनुसार उपयुक्त निर्माण मापदण्ड र प्रविधिको प्रोत्साहन गर्नु।
- **राष्ट्रिय भवन संहिता तथा स्थानीय मापदण्डको प्रभावकारी कार्यान्वयन गर्नु:**
  सबै निर्माणमा कानूनी मापदण्डको पूर्ण पालना गराउने व्यवस्था गर्नु।
- **प्राविधिक जनशक्ति विकास र परिचालन गर्नु:**
  संरचना डिजाइन, मूल्यांकन, अनुगमन तथा निरीक्षणका लागि आवश्यक प्राविधिक जनशक्तिको उपलब्धता र उपयोग सुनिश्चित गर्नु।
- **स्रोत-साधनको प्रभावकारी उपयोग र अनुगमन प्रणाली सुदृढ गर्नु:**
  भवन निर्माणमा लगानी भएका स्रोतहरूको सदुपयोग सुनिश्चित गर्दै अनुगमन प्रणालीलाई सशक्त बनाउनु।
- **जोखिम क्षेत्रको पहिचान र व्यवस्थापन गर्नु:**
  जोखिमयुक्त भूभागमा भवन निर्माण रोकथाम गर्ने तथा सुरक्षित स्थानहरूमा स्थानान्तरणको प्रविधि अपनाउनु।

- **सामाजिक समावेशिता र पहुँचयुक्त निर्माणलाई प्रोत्साहन गर्नुः**
  महिला, बालबालिका, अपांगता भएका व्यक्ति तथा वृद्धजनलाई पहुँचयुक्त संरचना सुनिश्चित गर्नु।
- **प्रविधिमैत्री र नवप्रवर्तनयुक्त डिजाइनको प्रयोग प्रवर्द्धन गर्नुः**
  भूगर्भ परीक्षण, GIS, BIM, Green Building Technology जस्ता प्रविधिको प्रयोगबाट गुणस्तरीय संरचना निर्माणमा जोड दिनु।
- **जनचेतना अभिवृद्धि र सहभागिता प्रवर्द्धन गर्नुः**
  सुरक्षित संरचना निर्माणमा समुदाय, सेवा प्रयोगकर्ता र निर्माणकर्मीहरूको ज्ञान र सहभागिता बढाउने कार्यक्रमहरू सञ्चालन गर्नु।
- **दिगोपन, वातावरणीय उत्तरदायित्व र संरक्षणको प्रवर्द्धन गर्नुः**
  वातावरणमैत्री सामग्री, ऊर्जा दक्षता र हरियाली प्रवर्द्धन गर्ने दिगो संरचना विकासलाई प्राथमिकता दिनु।

## रणनीति

**पालिकाको सुरक्षित संरचना निर्माण नीति कार्यान्वयनका लागि निम्न रणनीतिहरू रहेकाछन ।**

**१. कानूनी र नीतिगत रणनीतिहरू**

१ स्थानीय संरचना निर्माण कार्यविधि तयार पार्ने।

२ भवन निर्माण अनुमतिका लागि अनिवार्य मापदण्ड निर्धारण गर्ने।

३ जोखिमयुक्त क्षेत्रमा भवन निर्माण निषेध गर्ने नीति लागु गर्ने।

४ संरचना निर्माणमा प्रयोग हुने सामाग्रीको गुणस्तर नियमन गर्ने।

५ भवन निर्माण कार्यमा स्थानीय संहिताको पालना अनिवार्य गर्ने।

६ नक्सा स्वीकृति प्रक्रिया पारदर्शी बनाउने कानूनी प्रावधान बनाउने।

७ संरचना निर्माणमा महिला, दलित, अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्ने।

८ दण्डात्मक कानूनी व्यवस्था प्रभावकारी बनाउने।

९ निजी र सार्वजनिक भवनमा सुरक्षा मूल्याङ्कनको व्यवस्था गर्ने।

१० जोखिम व्यवस्थापन तथा विपद् प्रतिकार्य कानुन निर्माण र संशोधन गर्ने।

२. जनशक्ति र संस्थागत विकास रणनीति

११ प्रत्येक वडामा प्राविधिक जनशक्ति पदपूर्ति गर्ने।

१२ स्थानीय इन्जिनियर, ओभरसियर र सब-इन्जिनियरहरूलाई संरचना सुरक्षासम्बन्धी तालिम दिने।

१३ भवन निरीक्षकको पद सृजना गरी भवन अनुगमन प्रणाली विकास गर्ने।

१४ प्राविधिक तथा नीतिगत तालिम सञ्चालन गर्न संस्थागत साझेदारी गर्ने।

१५ विपद् पूर्वतयारी र संरचना मूल्याङ्कनसम्बन्धी स्थानीय टोली गठन गर्ने।

१६ स्थानीय जनशक्ति अभाव भएको अवस्थामा क्षेत्रीय साझा प्रयोगशाला वा सेवा केन्द्र विकास गर्ने।

१७ भवन निर्माणमा संलग्न मिस्त्री तथा ठेकेदारहरूको अभिमुखीकरण गर्ने।

१८ स्थायी प्राविधिक सेवा केन्द्र स्थापना गर्ने।

१९ निर्माण अनुज्ञा व्यवस्थापनका लागि डिजिटल प्रणाली सञ्चालन गर्ने।

२० जोखिम पहिचान तथा व्यवस्थापन टोली परिचालन गर्ने।

३. प्रविधि र नवप्रवर्तन रणनीति

२१ भू-उपयुक्तता मूल्याङ्कन (land suitability assessment) गर्ने प्रविधि प्रयोग गर्ने।

२२ भवन डिजाईनमा भूकम्प प्रतिरोधी प्रविधि प्रयोग प्रोत्साहन गर्ने।

२३ GIS र Remote Sensing प्रविधिको प्रयोगबाट जोखिम नक्शांकन गर्ने।

२४ भवन निर्माण प्रणालीमा डिजिटल नक्शा स्वीकृति प्रणाली लागू गर्ने।

२५ Mobile App वा वेबपोर्टलमार्फत अनलाइन भवन निर्माण अनुमति प्रणाली सञ्चालन गर्ने।

२६ Smart construction monitoring system (CCTV/GPS based) लागू गर्ने।

२७ E-library वा Portal मार्फत निर्माण मापदण्डको पहुँच बनाउने।

२८ स्थानीय सामग्रीमा आधारित नवप्रवर्तन प्रविधिको परीक्षण र प्रयोग गर्ने।

२९ BIM (Building Information Modelling) प्रविधिको अभ्यासमा ल्याउने।

३० हरित भवन प्रविधि (green building) प्रयोगको प्रोत्साहन दिने।

४. जोखिम न्यूनीकरण र विपद् तत्परता रणनीति

३१ भूकम्प, बाढी, भू-स्खलन जोखिम नक्शा तयार गर्ने।

३२ जोखिमयुक्त क्षेत्रमा पुनर्वास नीति लागू गर्ने।

३३ सार्वजनिक भवनहरूको संरचना सुरक्षा परीक्षण अनिवार्य गर्ने।

३४ जोखिम क्षेत्रहरूमा सुरक्षित संरचना निर्माणका लागि विशेष अनुदान दिने।

३५ भवन निर्माण अनुमतिको पूर्वशर्तका रूपमा जोखिम मूल्याङ्कन गर्ने।

३६ समुदायमा संरचनात्मक सुरक्षा अभ्यास (mock drill) गराउने।

३७ विद्यालय, स्वास्थ्य संस्था, वडाकार्यालयमा जोखिम न्यूनीकरण कार्ययोजना बनाउने।

३८ संरचना निर्माणमा स्थानीय वातावरणीय प्रभाव मूल्याङ्कन (LEIA) गराउने।

३९ विपद् आएमा सुरक्षित आश्रयस्थल सुनिश्चित गर्ने योजना बनाउने।

४० जोखिम व्यवस्थापन कोष निर्माण गरी पूर्वतयारीमा लगानी गर्ने।

## ५. जनचेतना र समुदाय सहभागिता रणनीति

४१ घरधनी, उपभोक्ता समिति, मिस्त्रीलाई मापदण्डबारे सचेतना दिने।

४२ सुरक्षित भवन निर्माणमा रेडियो, पत्रिका, सामुदायिक मिडिया प्रयोग गर्ने।

४३ विद्यालय पाठ्यक्रममा सुरक्षित संरचना सम्बन्धी सामग्री समावेश गर्ने।

४४ निर्माणस्थलमा चेतनामूलक सूचना बोर्ड अनिवार्य गर्ने।

४५ स्थानीय बासिन्दासँग सरोकारवालासँग संवाद कार्यक्रम सञ्चालन गर्ने।

४६ समुदायबाट भवन अनुगमन टोली परिचालन गर्ने (social audit)।

४७ सार्वजनिक भवनहरूको निर्माणमा नागरिक निगरानी प्रोत्साहन गर्ने।

४८ मिस्त्री तथा निर्माण व्यवसायी दर्ता प्रणालीमा मापदण्ड प्रशिक्षण अनिवार्य गर्ने।

४९ संरचना सुरक्षामा स्थानीय तहको सफलता अनुभव साझा गर्ने।

५० सामुदायिक योजना निर्माण प्रक्रियामा संरचना सुरक्षालाई मूलधारमा ल्याउने।

## नीति कार्यनीति

नीति नं. १: जोखिमयुक्त स्थानमा संरचना निर्माण रोकथाम सम्बन्धी नीति

स्थानीय तहभित्र पहिचान गरिएका उच्च जोखिमयुक्त क्षेत्रहरूमा नयाँ संरचना निर्माण रोक्न प्रष्ट कार्यविधि र कानुनी दण्डको व्यवस्था गर्ने।

कार्यनीतिः

१ जोखिम नक्शा (hazard map) सार्वजनिकरूपमा तयार पार्ने।
२ भू-स्खलन, बाढी, नदीकटान प्रभावित क्षेत्रलाई उच्च जोखिम क्षेत्र घोषणा गर्ने।
३ जोखिम क्षेत्रमा नयाँ भवनको नक्सा स्वीकृति रोक्ने कानुनी प्रावधान बनाउने।
४ पहिल्यै बनेका भवनहरूको मूल्याङ्कन गरी संरक्षण या स्थानान्तरणको व्यवस्था गर्ने।
५ जोखिम क्षेत्रमा सशर्त निर्माण अनुमति (जस्तै, धरातलीय परीक्षण अनिवार्य) लागू गर्ने।
६ विकल्पका रूपमा सुरक्षित भूभागमा पुनर्वास योजना विकास गर्ने।
७ नागरिकलाई जोखिममा संरचना निर्माणको नकारात्मक असरबारे सचेत गराउने कार्यक्रम सञ्चालन गर्ने।
८ जोखिम क्षेत्रमा गैरकानुनी निर्माण भएको पाइएमा भत्काउने अधिकारसहितको कार्यदल गठन गर्ने।

नीति नं. २: भवन निर्माण पूर्व प्राविधिक मूल्याङ्कन सम्बन्धी नीति

सुरक्षित संरचना निर्माण सुनिश्चित गर्न यो नीति लागू गरिएको हो।

२ सबै भवन निर्माण अघि भूगर्भ तथा भू-प्रवृत्ति मूल्याङ्कन अनिवार्य बनाउने।
३ EIA र LEIA प्रक्रिया स्थानीय संरचना निर्माणमा अपनाउने।
४ सार्वजनिक भवनहरूको डिजाइन निर्माण पूर्व विशेषज्ञ समिक्षा गराउने।
५ भवन निर्माण अनुमति पूर्व भवन स्थायित्व परीक्षण गराउने।
६ स्थानीय प्राविधिक समिति मार्फत नक्सा जाँच प्रक्रिया स्थापना गर्ने।
७ गुणस्तरीय माटो परीक्षण सेवा केन्द्र स्थापना गर्ने।
८ मूल्याङ्कन प्रक्रियामा अनलाइन आवेदन र अनुगमन प्रणाली लागू गर्ने।
९ मूल्याङ्कन नपुगेका संरचनालाई अनुमति नदिने कानुनी व्यवस्था बनाउने।

नीति नं. ३: सामुदायिक सहभागिता प्रवर्द्धन नीति

सुरक्षित संरचना निर्माण सुनिश्चित गर्न यो नीति लागू गरिएको हो।

१० समुदायमा-आधारित भवन अनुगमन समिति गठन गर्ने।

११ स्थानीय जनप्रतिनिधि, मिस्त्री र उपभोक्ता समूहमाझ साझा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

१२ स्थानीय योजना निर्माण प्रक्रियामा संरचना सुरक्षालाई अनिवार्य विषय बनाउने।

१३ नागरिक सुनुवाइ र सामाजिक परीक्षण प्रक्रिया सञ्चालन गर्ने।

१४ सार्वजनिक सूचना प्रणालीमार्फत जोखिम क्षेत्र सार्वजनिक गर्ने।

१५ सुरक्षित संरचना सम्बन्धी रेडियो कार्यक्रम, नाटक तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने।

१६ नियमित रूपमा नागरिक अनुभव र सिफारिस संकलन गर्ने।

१७ सामुदायिक रिपोर्टिङ संयन्त्र (Community Monitoring Tool) विकास गर्ने।

## नीति नं. ४: प्राविधिक जनशक्ति विकास नीति

१ स्थानीय तहमा स्थायी इन्जिनियर तथा सब-इन्जिनियरको पदपूर्ति गर्ने।

१८ स्थानीय स्तरमा निर्माण मापदण्डसम्बन्धी नियमित तालिम सञ्चालन गर्ने।

१९ मिस्त्री तथा निर्माण कार्यकर्ता अभिमुखीकरण अनिवार्य बनाउने।

४ सम्बन्धित प्राविधिक संघ/संस्थासँग समन्वय गरी दक्ष जनशक्ति उत्पादन गर्ने।

५ भवन निरीक्षक तालिम आयोजना गर्ने।

६ बनाइएको संरचनाको प्राविधिक परीक्षण गर्ने प्रयोगशाला स्थापना गर्ने।

७ प्राविधिक जनशक्तिका लागि कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागू गर्ने।

८ प्राविधिक जनशक्ति अभाव भएका क्षेत्रमा साझेदारी प्रणाली विकास गर्ने।

## नीति नं५ . आपतकालीन संरचना मूल्याङ्कन र तत्परता नीति

प्राकृतिक प्रकोपपछिको अवस्थालाई सम्बोधन गर्न तत्कालीन संरचना मूल्याङ्कन र सुरक्षाका लागि पूर्वतयारी रणनीति विकास गर्ने।

**कार्यनीतिहरू:**

१ प्रत्येक सार्वजनिक भवनको पूर्वप्रकोप जोखिम मूल्याङ्कन- प्रतिवेदन तयार गर्ने।

२ प्रकोपपछिको संरचना मूल्याङ्कन गर्न स्थानीय Rapid Assessment Team गठन गर्ने।

३ मूल्याङ्कन फारम र मोवाइल एप प्रयोग गरेर तत्काल डेटा संकलन गर्ने प्रणाली विकास गर्ने।

४ विद्यालय, स्वास्थ्य चौकीजस्ता संरचनाको प्राथमिकता मूल्याङ्कन सूची बनाउने।

५ आपतकालीन मूल्याङ्कन टोलीका लागि नियमित तालिम र मोकड्रिल सञ्चालन गर्ने।

६ पेस नेपाल, रेडक्रस, प्रहरी, सशस्त्र प्रहरी, सेना लगायतसँग संयोजन गरी संयुक्त कार्ययोजना बनाउने।
७ मूल्याङ्कन रिपोर्टको आधारमा संरचना प्रयोगयोग्यअप्रयोगयोग्य वर्गीकरण गर्ने मापदण्ड बनाउ/ने।
८ पूर्वतयारीका लागि सामग्री, उपकरण र अनुदानको भण्डारण व्यवस्थापन गर्ने।

## नीति ६ दिगो निर्माण सामग्री प्रवर्दन

स्थानीय तहमा प्रयोग हुने निर्माण सामग्रीहरू वातावरणमैत्री, दिगो र मापदण्डअनुसार प्रयोग सुनिश्चित गर्ने।

**कार्यनीतिहरू:**

१ ईंटा, सिमेन्ट, रड, ढुंगाजस्ता सामग्रीको गुणस्तर परीक्षण र प्रमाणीकरण प्रणाली स्थापना गर्ने।
२ पर्यावरण अनुकूल प्रविधिजस्तै CSEB, prefab, bamboo architecture प्रवर्द्धन गर्ने।
३ निर्माण सामग्रीको करारदाताहरूका लागि स्थानीय तहबाट गुणस्तरीय अनुमति प्रणाली लागू गर्ने।
४ अस्वीकृत सामग्री प्रयोग गर्ने निर्माण कार्यमा कारबाही प्रक्रिया निर्धारण गर्ने।
५ निर्माण सामग्री भण्डारण र ढुवानीका लागि सुरक्षित र न्यून-प्रभावीत मार्गदर्शन तयार गर्ने।
६ निर्माण सामग्री उत्पादकसँग सहकार्य गरी वातावरणीय सामाजिक उत्तरदायित्व (CSR) योजना विकास गर्ने।
७ स्थानीय सस्तो, गुणस्तरीय र परिक्षणित सामग्रीको प्रवर्द्धनका लागि प्रदर्शनी र मेला सञ्चालन गर्ने।
८ वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सँग समन्वयमा सामग्री नियमन निर्देशिका तयार गर्ने।

## नीति ७ पहुँच योग्य संरचना निर्माण

सार्वजनिक र सामुदायिक संरचनाहरू अपांगता भएका व्यक्तिहरूको पहुँचमैत्री बनाउने उद्देश्यले निर्माण प्रक्रिया र डिजाइनलाई समावेशी बनाउने।

**कार्यनीतिहरू:**

१ सबै नयाँ सार्वजनिक भवनमा अपांगता पहुँच (ramp, signage, accessible toilet आदि) अनिवार्य गर्ने।
२ पुराना संरचनाहरूमा चरणबद्ध रूपमा पहुँच सुधार गर्ने योजना बनाउने।
३ भवन डिजाइन मापदण्डमा Universal Design सिद्धान्त समावेश गर्ने।
४ स्थानीय अपांगता संघसंस्थासँग परामर्श गरी पहुँचको मूल्याङ्कन गर्ने।
५ पहुँच नपुगेका संरचनाको सूची तयार गरी बजेट छुट्याउने।
६ भवन स्वीकृति प्रक्रियामा "अपांगता अनुकूलता मूल्याङ्कन" समावेश गर्ने।
७ जनप्रतिनिधि र इन्जिनियरहरूलाई समावेशी संरचना सम्बन्धी तालिम दिने।
८ अपांगता भएका व्यक्तिको सुझाव लिन नियमित सहभागिता कार्यक्रम सञ्चालन गर्ने।

## नीति ८ शैक्षिक संरचनाको सुरक्षा

शिक्षालयहरूको संरचनागत सुरक्षालाई प्राथमिकता दिई विद्यार्थीको जीवन रक्षा र सिकाइ वातावरण सुनिश्चित गर्ने।

**कार्यनीतिहरू:**

१ सबै विद्यालय भवनको प्रारम्भिक र नियमित संरचना परीक्षण गर्ने।
२ कमजोर संरचनाहरूको सूची तयार गरी स्तरोन्नति/पुनर्निर्माण योजना बनाउने।
३ नयाँ विद्यालय भवनको निर्माणमा विद्यालय सुरक्षा निर्देशिका पालना अनिवार्य गर्ने।
४ बालमैत्री र भूकम्प प्रतिरोधी डिजाइनमा आधारित भवन निर्माण प्रवर्द्धन गर्ने।
५ विद्यालय समुदायलाई सुरक्षित संरचना र आपतकालीन प्रत्याभूति तालिम दिने।
६ बालबालिकाका लागि खुला र सुरक्षित खेलमैदान र खुला निकास प्रणाली सुनिश्चित गर्ने।
७ विद्यालयको बार्दली, छानो, सिँढी जस्ता संरचनात्मक अंगहरूमा सुरक्षा मानक लागू गर्ने।
८ शिक्षा मन्त्रालय र स्थानीय सरकारबीच सहकार्यमा "विद्यालय भवन सुरक्षा अभियान" सञ्चालन गर्ने।

## नीति ९ हरित संरचना प्रवद्धन नीति

वातावरणमैत्री र ऊर्जा दक्ष संरचनाको प्रवर्द्धन गरी दिगो विकास सुनिश्चित गर्ने।

**कार्यनीतिहरू:**

१ हरित भवन निर्माण प्रविधिको प्रयोग (solar, rainwater harvesting, insulation आदि) अनिवार्य गर्ने।
२ नयाँ भवन स्वीकृतिका लागि ऊर्जा दक्षता र वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक बनाउने।
३ स्थानीय निर्माण सामग्री प्रयोगमा प्राथमिकता दिने नीति अपनाउने।
४ निर्माण कार्यमा कार्बन उत्सर्जन न्यूनिकरण प्रविधिको प्रयोग प्रोत्साहन गर्ने।
५ हरित भवन डिजाइनको लागि प्राविधिक मापदण्ड विकास गर्ने।
६ बजार क्षेत्रको मास्टर प्लानमा हरित क्षेत्र र खुला स्थानको न्यूनतम सीमा निर्धारण गर्ने।
७ स्थानीय तहस्तरीय 'हरित भवन पुरस्कार' योजना सञ्चालन गर्ने।
८ जनचेतनामूलक कार्यक्रम र मेला मार्फत हरित संरचना अवधारणा प्रचार गर्ने।

नीति १० निर्माण स्वीकृति प्रकृया

भवन निर्माण स्वीकृति प्रणालीलाई छरितो, पारदर्शी र मापदण्डमैत्री बनाउने।

**कार्यनीतिहरू:**

१ अनलाइन माध्यमबाट भवन निर्माण स्वीकृति प्रक्रिया सञ्चालन गर्ने।
२ स्वीकृति प्रक्रियामा स्पष्ट मापदण्ड र समयसीमा निर्धारण गर्ने।
३ प्राविधिक समीक्षा अनिवार्य गरी दोहोरो परीक्षण प्रणाली हटाउने।
४ स्वीकृति प्रक्रियामा सेवा लिने व्यक्तिको जानकारी सहज बनाउने प्रणाली लागू गर्ने।
५ निर्माण अनुमतिपछि अनुगमन संयन्त्रलाई मजबुत बनाउने।
६ स्वीकृति प्रणाली सुधार गर्न इन्जिनियर, योजना तथा सेवाग्राहीको नियमित छलफल कार्यक्रम सञ्चालन गर्ने।
७ भ्रष्टाचार न्यूनीकरणका लागि डिजिटल प्रमाण प्रणाली विकास गर्ने।
८ भवन स्वीकृति र अनुगमनमा स्थानीय तहबीच समन्वय संयन्त्र तयार गर्ने।

## कार्यान्वयन जिम्मेवारी भुमिका

## १. प्राविधिक शाखा: नक्सा पास, अनुगमन

**क. नक्सा स्वीकृति प्रक्रिया**

प्राविधिक शाखाले सुरक्षित संरचना निर्माणको सुरुवाती चरणमै महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने। भवन निर्माण अघि नक्सा स्वीकृति प्रक्रियाबाट भवन निर्माण सुरक्षित मापदण्डमा आधारित छ कि छैन भन्ने मूल्यांकन गर्ने । यसका लागि निर्माण व्यवसायी वा व्यक्तिले सघन नक्सा (architectural drawing), संरचनागत विवरण (structural drawing), र निर्माण लागत विवरण पेश गर्नुपर्छ।

**ख. प्रविधिमा आधारित अनुमोदन प्रक्रिया**

प्राविधिक शाखाले भू-उपयुक्तता परीक्षण, भूगर्भिक अवस्थाको मूल्यांकन, जोखिमको पहिचान (जस्तै, भूकम्पीय सम्भाव्यता), तथा वातावरणीय प्रभाव मूल्यांकन गरी निर्माण स्वीकृति दिने।

**ग. निर्माण अनुगमन र निरीक्षण**

स्वीकृत नक्सा अनुसार निर्माण भईरहेको छ कि छैन भनेर नियमित अनुगमन गर्नु प्राविधिक शाखाको मुख्य जिम्मेवारी हो। निरीक्षणका क्रममा मापदण्डविपरीत निर्माण भएको पाइएमा सच्याउने निर्देशन दिइन्छ, आवश्यक परेमा कारबाही प्रक्रिया पनि अगाडि बढाइन्छ।

**घ. मापदण्ड तथा निर्देशनहरूको विकास**

प्राविधिक शाखाले स्थानीय सन्दर्भ अनुसार सुरक्षित संरचना निर्माणसम्बन्धी प्राविधिक निर्देशिका तयार पार्नुपर्ने हुन्छ, जसले निर्माणकर्ताहरूलाई स्पष्ट मार्गदर्शन दिन्छ।

## २. वडा कार्यालय: सूचना संकलन, जनचेतना

**क. जोखिममा रहेका संरचनाको विवरण संकलन**

वडा कार्यालयले आफ्नो क्षेत्रभित्र रहेका जोखिमयुक्त संरचना, पुराना वा भूकम्प-सहनशील नभएका घरहरूको विवरण संकलन गरी स्थानीय सरकारलाई रिपोर्ट गर्नुपर्छ।

**ख. नक्सा स्वीकृति तथा निर्माण अनुमतिसम्बन्धी स्थानीय अनुगमन**

वडाले कुनै पनि नयाँ भवन निर्माणका बारेमा जानकारी लिन, नक्सा स्वीकृत गरिएको छ कि छैन भन्ने यकिन गर्न र अनधिकृत निर्माणप्रति सचेत रहनुपर्ने हुन्छ।

**ग. जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन**

वडाले स्थानीय बासिन्दा, निर्माण व्यवसायी, मिस्त्री तथा उपभोक्ताहरूमाझ सुरक्षित भवन निर्माणका लागि आवश्यक मापदण्ड, कानूनी व्यवस्था र प्राविधिक सूचनाबारे सचेतना फैलाउनुपर्ने हुन्छ।

यसका लागि नियमित रूपमा घरमै पुगी वा सामुदायिक भेलामार्फत जानकारी प्रदान गर्न सकिन्छ।

**घ. समुदाय सहभागितामा आधारित निगरानी संयन्त्र**

वडाले 'समुदाय आधारित भवन निरीक्षण समिति' वा 'स्थानीय भवन सुरक्षा टोली' गठन गरी स्थानीय तहमै अनुगमनलाई सहज बनाउने व्यवस्था मिलाउन सक्छ।

## ३. साझेदार संस्था: तालिम र अनुगमन सहयोग

**क. क्षमता विकासका लागि तालिम कार्यक्रम**

साझेदार संस्थाहरू (जस्तै, NGO, INGO, निर्माण सम्बन्धी संघसंस्थाहरू) ले इञ्जिनीयर, सब-इञ्जिनीयर, मिस्त्री, उपभोक्ता समितिहरूका लागि संरचनात्मक सुरक्षा सम्बन्धी आधारभूत तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न सक्दछन्।

**ख. सामग्री, प्रविधि र साधनमा पहुँच**

संस्थाहरूले आधुनिक, सस्तो र टिकाउ प्रविधि अपनाउन समुदायलाई सहयोग गर्न सक्दछन्। साथै, भूकम्प प्रतिरोधी निर्माण सामग्रीको प्रवर्द्धन र पहुँच अभिवृद्धिमा सहजीकरण गर्न सक्दछन्।

**ग. प्राविधिक विशेषज्ञता उपलब्ध गराउने**

संस्थाहरूले निर्माण स्थलमा अनुगमन तथा परामर्शका लागि अनुभवी इञ्जिनीयर वा प्राविधिक स्रोतहरू उपलब्ध गराउन सक्दछन्, जसले निर्माणको गुणस्तर सुनिश्चित गर्न सहयोग गर्छ।

**घ. अनुगमन तथा मूल्यांकनमा सहकार्य**

स्थानीय सरकारसँग मिलेर साझेदार संस्थाले 'साझा अनुगमन टोली' निर्माण गर्न सक्दछ, जसले प्राविधिक निरीक्षण, सामाजिक मूल्यांकन तथा जोखिम निवारणमा महत्त्वपूर्ण भूमिका खेल्दछ।

## ४. सेवा ग्राहीको भूमिका: सुरक्षित संरचना निर्माणका लागि नागरिक दायित्व

**क. कानूनी प्रक्रिया पालना गर्नु**

सेवाग्राहीले कुनै पनि संरचना निर्माण गर्दा नक्सा पास गराउनु, प्राविधिक सल्लाह लिनु, कानुनी प्रक्रिया पुरा गर्नु अनिवार्य छ।

**ख. आर्थिक स्रोत व्यवस्थापन र पारदर्शिता**

सुरक्षित संरचना निर्माणका लागि सेवाग्राहीले आवश्यक लागत व्यवस्थापन तथा निर्माण कार्यमा पारदर्शिता अपनाउनुपर्छ।

**ग. दक्ष प्राविधिकको संलग्नता सुनिश्चित गर्नु**

निर्माण कार्य गर्दा योग्य इन्जिनीयर, मिस्त्री वा प्राविधिकको सल्लाहमा मात्र काम गर्नु, अनुमानमा वा परम्परागत शैलीमा सीमित नहुनु नागरिकको जिम्मेवारी हो।

**घ. सामुदायिक उत्तरदायित्व**

एक सेवाग्राहीको रूपमा समुदायको साझा सुरक्षाका लागि आपसी संवाद, जानकारी साझेदारी र जोखिममा रहेको संरचनाबारे स्थानीय सरकारलाई सूचित गर्ने दायित्व पनि महत्वपूर्ण हुन्छ।

## ५. उपभोक्ता समितिको भूमिका: स्थानीय स्वामित्व र पारदर्शी कार्यान्वयन

**क. सामुदायिक स्वामित्वको प्रवर्द्धन**

उपभोक्ता समितिहरू निर्माण कार्यमा स्थानीय समुदायको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने संयन्त्र हुन्। यिनीहरूले योजना छनोटदेखि निर्माण सम्पन्न नहुँदासम्म सम्पूर्ण प्रक्रिया ‘साझा जिम्मेवारी’का रूपमा हेर्ने कार्य गर्छन्।

**ख. लागत पारदर्शिता र निगरानी**

समितिले निर्माण कार्यमा लाग्ने खर्चको पारदर्शी अभिलेखन गर्नुपर्छ। खरिद प्रक्रिया, मजदुरी, सामग्रीको गुणस्तर आदिको निगरानी गर्नु समितिको प्रमुख दायित्व हो।

**ग. प्राविधिक सल्लाहमा आधारित निर्णय**

समितिले इन्जिनियर तथा प्राविधिकको सुझाव अनुसार निर्णय लिनु अनिवार्य हुन्छ। नक्सा,

डिजाइन र संरचना सम्बन्धी प्रश्नमा अनुमानका भरमा नभई विशेषज्ञताको आधारमा अघि बढ्नुपर्छ।

**घ. गुनासो व्यवस्थापन र सहभागिता**

निर्माणसँग सम्बन्धित गुनासाहरू सुन्ने, समाधान खोज्ने र सरोकारवाला निकायमा पुर्‍याउने कार्य उपभोक्ता समितिले गर्ने हो।

**ङ. निर्माणपछिको दीगो व्यवस्थापन**

निर्माण सम्पन्न भएपछि उक्त संरचना (विद्यालय, भवन, केन्द्र) को दीगो प्रयोग, संरक्षण र मर्मतका लागि समुदायसँग समन्वय गरी जिम्मेवारी बाँडफाँड गर्न समिति उत्तरदायी हुन्छ।

## ६. विद्यालयको भूमिका: शिक्षामा संरचनात्मक सुरक्षा र अभिलेखीकरण

**क. संरचनाको उपयोगकर्ता तथा सुरक्षा प्रवर्द्धक**

विद्यालय भवनलाई संरचनात्मक सुरक्षा दृष्टिकोणले हेर्नु अनिवार्य छ, किनभने बालबालिका संवेदनशील प्रयोगकर्ता हुन्। सुरक्षित संरचना निर्माण र मर्मत विद्यालयको प्राथमिकता हुनुपर्छ।

**ख. जोखिम मूल्यांकन र जानकारी आदानप्रदान**

विद्यालय व्यवस्थापन समितिले भवनको सुरक्षासम्बन्धी अवस्था बारे नियमित समीक्षा गर्नुपर्छ। कुनै कमजोरी भेटिएमा तत्काल स्थानीय सरकार वा प्राविधिक शाखामा जानकारी गराउनु पर्छ।

**ग. विद्यार्थी र शिक्षकका लागि संरचनात्मक सुरक्षाबारे शिक्षा**

विद्यालयले DRR (Disaster Risk Reduction), सुरक्षित संरचना के हो, भूकम्पीय जोखिम कसरी घटाउने, आपतकालीन निकासी उपाय आदिबारे विद्यार्थीहरूलाई जानकारी दिनुपर्छ।

**घ. विद्यालय समुदायको सहभागिता निर्माणमा**

निर्माण हुने बेलामा विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावकहरू तथा विद्यार्थी प्रतिनिधिको समावेशी सहभागिता आवश्यक हुन्छ, जसले गुणस्तरीय कार्यान्वयन र स्वामित्वमा मद्दत गर्छ।

## ७. निर्माण कम्पनीहरूको भूमिका: मापदण्डमा आधारित गुणस्तरीय निर्माण

**क. प्राविधिक मापदण्डको पालना**

निर्माण कम्पनीले इन्जिनियरद्वारा स्वीकृत नक्सा, डिजाइन र संरचनात्मक विवरणको पूर्ण पालना गर्नुपर्छ। 'building code' र 'NBC' को पालना अपरिहार्य हुन्छ।

**ख. दक्ष जनशक्ति परिचालन**

कम्पनीले निर्माण कार्यमा दक्ष र प्रमाणित मिस्त्री, साइट सुपरभाइजर, फोरम्यान, इलेक्ट्रिसियन, प्लम्बिङ विशेषज्ञ आदिको परिचालन गर्नुपर्छ।

**ग. गुणस्तरीय सामग्री प्रयोग**

सिमेन्ट, फलाम, बालुवा, गिटी, ढलानका मेशिनहरू र अन्य सामग्री निर्धारित मापदण्डअनुसार प्रयोग गर्नु निर्माण कम्पनीको कानुनी दायित्व हो।

**घ. सहमति अनुसारको समय र लागत व्यवस्थापन**

सम्झौतामा उल्लेखित समयसीमा, बजेट र कामको दायरा (BOQ अनुसार) मा स्पष्टता र पारदर्शिता हुनु आवश्यक छ। ढिलाइ वा न्यूनगुणस्तरीय कार्य भएमा कारबाही हुनसक्ने चेतना हुनुपर्छ।

**ङ. निर्माणपछि प्रयोगकर्तालाई जानकारी दिने**

निर्माण सम्पन्न भएपछि नयाँ संरचना कसरी सुरक्षित रूपले प्रयोग गर्ने, मर्मत कसरी गर्ने, आपतकालीन निस्कने मार्ग आदिबारे प्रयोगकर्तालाई अभिमुखीकरण गराउनु कम्पनीको उत्तरदायित्व हो।

## सस्थागत सरचना

### १. प्राविधिक शाखाको कार्यहरू

- भवन निर्माण नक्सा स्वीकृत गर्नु ।
- संरचनागत डिजाईन जाँच गरी मापदण्ड अनुसार स्वीकृति दिनु ।
- निर्माण कार्य सुरु गर्नु अघि स्थल निरीक्षण गर्नु ।
- भौगोलिक, भूकम्पीय तथा जोखिम मूल्याङ्कन गर्न सहयोग गर्नु ।

- भवन संहिता (NBC) पालना गराइएको सुनिश्चित गर्नु ।
- निर्माण सामग्रीको गुणस्तर जाँच गर्नु ।
- भवन निर्माणका विभिन्न चरणमा प्राविधिक अनुगमन गर्नु ।
- निर्माण कार्यमा संलग्न जनशक्तिको दक्षता जाँच गर्नु ।
- प्रयोगकर्ता तथा उपभोक्ता समितिलाई प्राविधिक परामर्श दिनु ।
- भवन प्रयोगपूर्व अन्तिम निरीक्षण र प्रमाणपत्र जारी गर्नु ।
- प्राविधिक अभिलेख संकलन र डिजिटल दस्तावेजीकरण गर्नु ।
- नवप्रविधि, नविकरणीय सामग्री प्रवर्द्धनमा सुझाव दिनु ।
- सार्वजनिक, सामुदायिक भवनहरूको सुरक्षामूलक मर्मत योजनामा सहयोग गर्नु ।
- विपद् जोखिम न्यूनीकरणका लागि सुरक्षित निर्माण मार्गदर्शन तयार गर्नु ।
- स्थानीय सरकारका अन्य शाखासँग समन्वयमा काम गर्नु ।

## २. विपद् व्यवस्थापन समितिको कार्यहरू

- सुरक्षित संरचना निर्माणलाई स्थानीय DRR रणनीतिमा समावेश गर्नु ।
- जोखिमयुक्त क्षेत्रको पहिचान र नक्सांकन गर्न समन्वय गर्नु ।
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी समुदाय अभिमुखीकरण गराउनु ।
- सुरक्षित निर्माण प्रवर्द्धनका लागि जनचेतना कार्यक्रम सञ्चालन गर्नु ।
- संरचना निर्माणसँग सम्बन्धित जोखिम मूल्याङ्कन रिपोर्ट तयार गर्नु ।
- आपतकालीन निकासी योजना तयार र अद्यावधिक गर्नु ।
- विद्यालय, स्वास्थ्य संस्था आदि संरचनाको जोखिम मूल्याङ्कनको व्यवस्था गर्नु ।
- सुरक्षित भवनका लागि अनुदान तथा प्रोत्साहन व्यवस्था गर्न सिफारिस गर्नु ।
- विपद् उत्तर प्रतिक्रिया योजना (Response Plan) मा सुरक्षित संरचना समावेश गर्नु ।
- जोखिममा रहेका संरचनाको सूची तयार गर्नु ।
- समुदायस्तरमा DRR focal person तोक्ने र तालिम दिने ।
- विभिन्न सरोकारवालासँग समन्वयमा कार्य गर्न सहजता ल्याउनु ।
- भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोगमा जोड दिनु ।
- भवन डिजाइन तथा निर्माणमा DRR गाइडलाइन तयार गर्न सहयोग गर्नु ।
- विपद्पश्चात भवन मूल्याङ्कन तथा पुनःस्थापना सिफारिस गर्नु ।

## ३. भवन अनुमति समितिको कार्यहरू

- भवन अनुमति माग गरिएका सबै नक्सा जाँच र मूल्याङ्कन गर्नु ।

- प्रस्तावित निर्माण स्थानको प्राविधिक, कानुनी अवस्था बुझ्नु ।
- साबिकका नक्सा र निर्माण सम्बन्धी अनुमति निर्णयको समीक्षा गर्नु ।
- स्वीकृत नक्सा तथा डिजाईनमा NBC पालना सुनिश्चित गर्नु ।
- सामाजिक, वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिनु ।
- निर्माण प्रस्ताव अनुमोदन गर्नुअघि सार्वजनिक सूचना दिने व्यवस्था गर्नु ।
- इन्जिनियर र प्राविधिकको राय तथा निरीक्षण संलग्न गर्नु ।
- उपभोक्ता समिति वा प्रयोगकर्ताको राय संकलन गर्नु ।
- अनधिकृत निर्माणको निवेदन अस्वीकृत गर्नु ।
- विशिष्ट संरचनामा अनुमति पूर्व केन्द्र वा प्रादेशिक समन्वय गर्नु ।
- भवन अनुमति दिने प्रक्रिया पारदर्शी बनाउनु ।
- आवेदन, स्वीकृति र अस्वीकृत अभिलेख व्यवस्थित राख्नु ।
- कमजोर क्षेत्र वा संवेदनशील स्थानमा विशेष मापदण्ड लागू गर्नु ।
- निर्माण प्रक्रिया सुरु गर्न नक्सा पासपछि मात्र अनुमति दिनु ।
- अनुगमन टोलीसँग नियमित सम्पर्कमा रहनु ।

## ४. अनुगमन टोलीको कार्यहरू

- नक्सा अनुसार भवन निर्माण भइरहेको छ कि छैन अनुगमन गर्नु ।
- हरेक चरणमा निर्माण कार्यको गुणस्तर जाँच गर्नु ।
- प्रयोग भइरहेका सामग्रीको परीक्षण र प्रमाणीकरण गर्नु ।
- कामदारहरूको सुरक्षा तथा कार्यस्थल सुरक्षा सुनिश्चित गर्नु ।
- अनधिकृत संरचना निर्माण रोक्न प्रत्यक्ष अनुगमन गर्नु ।
- निर्माणमा कुनै पनि मापदण्ड उल्लङ्घन भए रिपोर्ट गर्नु ।
- उपभोक्ता समितिलाई सुधारको सल्लाह दिनु ।
- निर्माण साइटमा उपस्थित भई नियमित फोटो अभिलेखन गर्नु ।
- अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित शाखामा बुझाउनु ।
- सामुदायिक गुनासो तथा सूचनाको आधारमा तत्काल निरीक्षण गर्नु ।
- संरचना निर्माण सम्पन्न भएपछि अन्तिम प्रमाणीकरण सिफारिस गर्नु ।
- अनुगमन टोलीका सदस्यहरू बीच नियमित समन्वय गर्नु ।
- निर्माणपछि परीक्षण (load testing, finishing check) मा सहभागी हुनु ।
- कार्यान्वयनका कमजोरीका बारेमा सुधार सिफारिस गर्नु ।
- अनुगमनको नतिजालाई स्थानीय DRR रणनीतिमा समावेश गर्नु ।

## आर्थिक पक्ष

सुरक्षित संरचना निर्माणको लागि तीनै तहका सरकारको भूमिका अत्यन्त महत्वपूर्ण छ। यस कार्यका लागि स्थायीत्व, वित्तीय स्रोतको स्पष्टता, बहु–पक्षीय समन्वय, र पारदर्शी कार्यान्वयन प्रणाली अपरिहार्य हुन्छ। बजेट व्यवस्थापनमा प्रविधि, सहभागिता र जवाफदेहिता जोडेर मात्र संरचना सुरक्षित, गुणस्तरीय र दिगो बनाउन सकिन्छ।

१सुरक्षित संरचना निर्माणका लागि तीनै तहको बजेट विनियोजन प्रणाली .

१ संघीय सरकार १.(केन्द्र(

- संघीय सरकारले राष्ट्रिय संरचना निर्माण नीति, DRR नीति, निर्माणको मापदण्ड (NBC) र निर्माण सम्वन्धी कानुनी ढाँचा तयार गर्छ।
- संघीय बजेटमार्फत प्राथमिकता प्राप्त संरचना निर्माण (जस्तै, विद्यालय, स्वास्थ्य चौकी, न्यायिक संरचना) को लागि *अनुदान कार्यक्रम* सञ्चालन गर्छ।
- संघीय सरकारले “*समृद्ध नेपाल*” रणनीति अनुरूप आधारभूत भौतिक पूर्वाधारका लागि प्रदेश तथा स्थानीय तहलाई कार्यक्रमगत अनुदान (conditional grant) दिन्छ।
- “पूर्वाधार सुधार कार्यक्रम”, “नगर विकास कोष”, “भूकम्पपछिको पुनर्निर्माण” लगायत शीर्षकमा संरचना निर्माण सम्बन्धी बजेट विनियोजन हुन्छ।

१प्रदेश सरकार २.

- प्रदेश सरकारले प्रदेश पूर्वाधार नीति, DRR कार्ययोजना र विपद् अनुकूल संरचना निर्माणलाई प्राथमिकता दिइरहेको हुन्छ।
- प्रदेश सरकारबाट सडक, विद्यालय, अस्पताल, भवन निर्माण जस्ता पूर्वाधारका लागि *साझा कार्यक्रम* मार्फत स्थानीय तहलाई बजेट हस्तान्तरण हुन्छ।
- “प्रदेश पूंजीगत पूर्वाधार कार्यक्रम”, “सुरक्षित आवास कार्यक्रम” आदि शीर्षकमा बजेट विनियोजन हुन्छ।
- कतिपय संरचनात्मक निर्माण प्रदेशले *आफ्नै मातहतमा ठेक्काका माध्यमबाट* निर्माण गर्छ।

१स्थानीय सरकार ३.

- स्थानीय सरकार प्रत्यक्ष रूपमा भवन, सार्वजनिक संरचना निर्माण, विद्यालय सुधार, स्वास्थ्य भवन निर्माण आदिमा संलग्न हुन्छ।

- *आन्तरिक आम्दानी, संघीय/प्रदेश अनुदान,* र *साझेदार संस्था सहयोग*को संयोजनबाट बजेट व्यवस्थापन गरिन्छ।
- योजनाको प्राथमिकता निर्धारण participatory (जनसहभागितामूलक) तरीकाबाट गरिन्छ – वडास्तरमा, विषयगत समितिमा र गाउँ/नगरसभा बैठकमा।
- स्थानीय सरकारले *"स्थानीय पूर्वाधार निर्माण कार्यविधि"* र *"गुणस्तरीय संरचना मापदण्ड"* अनुसार बजेट विनियोजन गर्छ।

२संरचना निर्माणसम्बन्धी बजेटका मुख्य शीर्षकहरू .

१ सामुदायिक भवन निर्माण (Community Infrastructure)
२ विद्यालय भवन र कक्षा कोठा विस्तार
३ स्वास्थ्य संस्था भवन निर्माण
४ स्थानिय सडक, पुल, नाला निर्माण
५ विपद् प्रतिरोधी संरचना निर्माण
६ सार्वजनिक भवन मर्मत र पुनर्निर्माण
७ शौचालय, खानेपानी ट्यांकी, जल व्यवस्थापन संरचना
८ साना सिंचाइ आयोजना
९ भूकम्प सुरक्षित घर निर्माण अनुदान
१० नगर/गाउँ कार्यलय भवन, वडाकार्यालय निर्माण
११ जनस्वास्थ्य आपतकालीन संरचना (जस्तै हेल्थ पोष्ट विस्तार)
१२ DRR आपतकालीन गोदाम (emergency warehouse)
१३ पशु सेवा, कृषि सेवा केन्द्र भवन निर्माण
१४ सौर्य ऊर्जा संरचना स्थापना
१५ बालमैत्री संरचना निर्माण (विद्यालय, खेलमैदान आदि)

३स्थानीय सरकारक .ो बजेट प्रकृयामा संरचनाहरुका लागी वजेट छुट्याउँन सहभागिताहुने

३ बजेट निर्माण प्रक्रिया १.(Participatory Planning)

- वडास्तरमा आयोजना संकलन
- विषयगत समितिबाट छनोट (जस्तैः शिक्षा, स्वास्थ्य, पूर्वाधार)
- गाउँ/नगर कार्यपालिकामा छलफल

- गाउँसभा/नगरसभाबाट अन्तिम अनुमोदन
- यसमा जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज र समुदायको सहभागिता सुनिश्चित हुन्छ।

३प्राथमिकताका आधारमा बजेट छुट्याउने २.

- जोखिममा रहेका संरचना (पुराना विद्यालय, जीर्ण भवन) पहिलो प्राथमिकता
- सार्वजनिक सेवा प्रदायक संस्थाहरूमा संरचना निर्माण
- बाढी, पहिरो, भूकम्प आदि विपद्सँग सम्बन्धित संरचना
- सामाजिक समावेशीता हेरेर पिछडिएको क्षेत्रलाई बढी प्राथमिकता
- प्राविधिक शाखा, DRR समिति र स्थानीय नागरिकको सुझावका आधारमा बजेट वितरण

४वैकल्पिक स्रोत र सहकार्य :गैरसरकारी संस्थाको सहयोग .

४सहयोगका किसिमहरू १.

- वित्तीय सहायता: पूर्वाधार निर्माणका लागि प्रत्यक्ष बजेट
- प्राविधिक सहयोग: इन्जिनियर, डिजाइन, लागत अनुमान, निर्माण सुपरभिजन
- तालिम तथा जनशक्ति विकास: मिस्त्री तालिम, भवन मापदण्ड प्रशिक्षण
- सामग्री सहयोग: निर्माण सामग्री वा उपकरण सहयोग

४समन्वय विधि २.

- संस्थाहरूले स्थानीय सरकारसँग *समझदारीपत्र (MoU)* साइन गर्ने ।
- DRR समिति वा योजना कार्यान्वयन समितिमा सहभागिता हुन्छ ।
- अनुगमन टोलीमा संस्थाका प्रतिनिधि रहन सक्छन् ।
- संयुक्त मूल्याङ्कन प्रणाली अपनाइन्छ ।

५पारदर्शी बजेट व्यवस्थापन सुशासनको आधार .

५आवश्यक उपायहरू १.

- बजेट सार्वजनिकरण: गाउँसभा/नगरसभापछि सम्पूर्ण बजेट सार्वजनिक गरिनु
- भुक्तानी प्रक्रिया पारदर्शी बनाउने: e-payment प्रणालीको प्रयोग
- साझा अनुगमन संयन्त्र: स्थानीय सरकार, नागरिक समाज, पत्रकार, समितिको सहभागितामा अनुगमन

- वार्षिक वित्तीय लेखापरीक्षण
- सम्पन्न योजनाको मूल्याङ्कन र प्रतिवेदन प्रकाशन

५नागरिक संलग्नता २.

- नागरिकको जानकारीका लागि सूचना पाटी राख्ने
- गुनासो संकलन प्रणाली विकास गर्ने (गुनासो बक्स, हेल्पलाइन)
- स्थानीय रेडियो/मिडिया मार्फत बजेट कार्यान्वयन अपडेट दिने
- सामाजिक उत्तरदायित्व सुनिश्चित गर्न जन सुनुवाई र जन प्रतिनिधित्व मूल्याङ्कन प्रणाली लागू गर्ने

## कानुनी व्यवस्था

सुरक्षित संरचना निर्माणका लागि कानुनी रूपले नेपालमा पर्याप्त आधारहरू छन्, तर त्यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहको प्रतिबद्धता, नागरिक सचेतना, प्राविधिक क्षमताको अभिवृद्धि, र पारदर्शिता अनिवार्य हुन्छ। नियम, मापदण्ड र कानुनी व्यवस्थाको कडाइका साथ पालना नगर्ने हो भने ज्यान र सम्पत्तिमा ठूलो जोखिम निम्तिन सक्छ। त्यसैले, कानुनी व्यवस्था पालनै संरचनागत सुरक्षाको पहिलो सिँढी हो।

### १) राष्ट्रिय भवन संहिता .NBC) र स्थानीय मापदण्डको पालना

१ राष्ट्रिय भवन संहिता १.(Nepal National Building Code - NBC)

नेपाल सरकारद्वारा स्वीकृत राष्ट्रिय भवन संहिता **(NBC)** सन् २०५५ (वि.सं.) मा लागू गरिएको कानुनी दस्तावेज हो, जसले नेपालमा हुने सम्पूर्ण संरचना निर्माणका लागि आवश्यक प्राविधिक मापदण्डहरू निर्धारण गर्छ। यस संहितामा विशेषतः भूकम्प, आगलागी, बाढी, पहिरो आदि प्राकृतिक जोखिमहरूबाट सुरक्षाका उपाय समावेश गरिएका छन्।

प्रमुख कानुनी बुँदाहरू:

- NBC 105: Mandatory Rule of Thumb (MRT) — सामान्य नागरिक वा साना संरचना निर्माणकर्ताका लागि।
- NBC 007: Site Considerations — संरचना बनाउने स्थानको जोखिम मूल्याङ्कन।
- NBC 201–209 — विशेष संरचनाहरू (जस्तै, स्कूल, अस्पताल, सामुदायिक भवन) का लागि इन्जिनियरिङ डिजाइनका प्रावधान।

- भवन संहिताको उल्लङ्घन गरेमा स्थानीय तहले निर्माण रोक्का गर्न, जरिवाना गर्न, र भत्काउने अधिकार राख्छ।

१स्थानीय सरकारका निर्माणसम्बन्धी कार्यविधि र मापदण्ड २.

संविधानको अनुसूची–८ अनुसार भौतिक पूर्वाधार र संरचना निर्माण स्थानीय सरकारको स्पष्ट अधिकार क्षेत्रभित्र पर्छ। त्यसअनुसार:

- स्थानीय तहहरूले आफ्नो सन्दर्भमा आधारित स्थानीय भवन मापदण्ड बनाउन सक्छन्।
- *नगर भवन निर्माण मापदण्ड कार्यविधि, अनुगमन तथा निरीक्षण निर्देशिका, विपद् सुरक्षित संरचना कार्ययोजना* जस्ता दस्तावेजहरू स्थानीय तहले अपनाएका छन्।
- भवन निर्माण अघि डिजाइन स्वीकृति, नक्सा पास, भू-स्वामित्व प्रमाणिकरण अनिवार्य हुन्छ।

२अनुमति बिना गरिएको संरचना निर्माणमा कारबाही .

२कानुनी व्यवस्था १.

स्थानिय सरकारलाई अनुमति बिना गरिएको भवन निर्माणमा कारबाही गर्ने अधिकार “स्थानीय सरकार सञ्चालन ऐन, २०७४□ र “भवन निर्माण कार्यविधि□ मार्फत प्राप्त छ। प्रमुख व्यवस्था:

- नक्सा पास नगरी गरिएको निर्माणलाई अनधिकृत निर्माण मानिन्छ।
- निर्माण रोक्का गर्न, सिल गर्न, जरिवाना गर्न, वा भत्काउन सक्ने व्यवस्था छ।
- सार्वजनिक स्थान, सडक सीमा, नालीको छेउ, खतरापूर्ण भूभाग मा गरिएको निर्माण अवैध मानिन्छ।

२ कारबाही प्रक्रिया २.(सामान्यतः:(

1. पहिलो चरण: मौखिक वा लिखित सूचना (साधारण जानकारी)
2. दोश्रो चरण: ७–१५ दिनभित्र संरचना हटाउन वा नक्सा पास गर्न निर्देशन
3. तेस्रो चरण: निर्देशन नमानिएमा जरिवाना/भवन भत्काउने प्रक्रिया
4. चौथो चरण: लागत असुल उपभोक्ताबाट गरिने व्यवस्था

२उदाहरणीय प्रावधानहरू ३.:

- काठमाडौं महानगरको अनधिकृत संरचना व्यवस्थापन कार्यविधि २०७५
- ललितपुर, पोखरा, भरतपुर जस्ता उपमहानगरहरूले अवैध निर्माणमा कडा कारबाही गरेको उदाहरण

३जोखिमयुक्त संरचनाको सुधार वा स्थानान्तरण .

३कानुनी आधार १.:

नेपाल सरकारको भूकम्प सुरक्षा कार्ययोजना, विपद् जोखिम न्यूनीकरण नीति, २०७६, र स्थानीय विपद् व्यवस्थापन योजना अन्तर्गत जोखिमयुक्त संरचना व्यवस्थापनको स्पष्ट व्यवस्था गरिएको छ। स्थानीय सरकारसँग यस्ता संरचनाको मूल्याङ्कन, सुधार वा स्थानान्तरण गर्ने अधिकार हुन्छ।

३कार्यका चरणहरू २.:

1. पहिचान: भवनको अवस्था (जिर्ण, भत्किने सम्भावना, चिरा परेका), स्थान (पहिरो क्षेत्र, नदीछेउ आदि) का आधारमा सूचीकरण
2. प्राविधिक मूल्याङ्कन: इन्जिनियर वा प्राविधिक टोलीबाट जोखिम परीक्षण
3. सूचना प्रकाशन: संरचना प्रयोगकर्तालाई सुधार वा स्थानान्तरणको सूचना
4. सहकार्य: सम्भव भएसम्म नयाँ सुरक्षित स्थानको व्यवस्था (सरकारी जमिन, सामाजिक भवन, विद्यालय आदि)
5. सुधार योजना: संरचना सुधार गर्न बजेट विनियोजन वा उपभोक्ता साझेदारीमा कार्यान्वयन
6. ध्वस्तीकरण: सुधार गर्न नसकिने अवस्थामा संरचना हटाउने वा सिल गर्ने

३सुधारका लागि नीति उपकरणहरू ३.:

- स्थानीय पूर्वाधार सुधार कार्यक्रम (LISP)
- सेफ स्कूल र सेफ हेल्थ भवन कार्यक्रम
- Carits Nepal PACE Nepal UTHAN Project

३संस्थागत संयन्त्र ४.:

- प्राविधिक शाखा – जोखिम मूल्याङ्कन र सुधार सिफारिस
- विपद् व्यवस्थापन समिति – स्थानान्तरण समन्वय

- भवन निरीक्षण समिति – अनुगमन र अनिवार्य सुधार निर्देशन

## अनुगमन तथा मूल्यांकन

संरचना निर्माणमा अनुगमन तथा मूल्यांकन सम्बन्धी नीति

१भूमिका .

स्थानीय तह अन्तर्गत हुने सबै प्रकारका संरचना निर्माणहरूमा गुणस्तरीय, सुरक्षित, दिगो र पारदर्शी कार्यान्वयन सुनिश्चित गर्न अनिवार्य रूपमा नियमित अनुगमन र मूल्यांकन प्रणाली स्थापना गरिनुपर्छ। यस नीतिको उद्देश्य निर्माण कार्यमा निर्धारित प्राविधिक मापदण्ड, स्वीकृत नक्सा र कार्यान्वयन समयतालिका को पूर्ण पालना गराइएको छ कि छैन भन्ने सुनिश्चित गर्नु हो।

२) निर्देशन–नीति .Policy Provisions)

*२नियमित अनुगमन टोली गठन १.*

- प्रत्येक संरचना निर्माणका लागि स्थानीय तहमा "स्थायी अनुगमन समिति" गठन गरिन्छ, जसमा निम्न सदस्यहरू रहनेछः
  - प्राविधिक शाखाका प्रतिनिधि (संयोजक)
  - योजना शाखा/विषयगत शाखाका प्रतिनिधि
  - वडास्तरका प्रतिनिधि (निर्माण स्थल अनुसार)
  - नागरिक समाज/उपभोक्ता समिति सदस्य
  - सम्बन्धित साझेदार संस्था (यदि रहेमा)
- प्रत्येक निर्माण कार्य प्रारम्भ हुनुअघि "अनुगमन तालिका" तयार गरिन्छ र कार्यान्वयनका क्रममा सो अनुसार अनुगमन गरिन्छ।
- अनुगमन टोलीले निर्माण प्रारम्भ, मिड–टर्म र अन्तिम चरणमा कम्तीमा तीनपटक अनिवार्य निरीक्षण गर्नुपर्छ।

२भवन निर्माण निरीक्षण २.

- अनुगमन टोलीले निर्माण स्थलमा गई नक्सा अनुसारको कार्यान्वयन, सामग्रीको गुणस्तर, इन्जिनियरको निगरानी, मिस्त्रीको दक्षता, सुरक्षाको पालना लगायतका पक्षहरू निरीक्षण गर्नुपर्दछ।

- निरीक्षणको क्रममा प्राविधिक जाँच (जस्तै ढलानको लेभल, सिमेन्ट/बालुवाको अनुपात, बारबिन्दिङ, भित्ताको सिधाइ) गरिन्छ।
- निर्माण कार्यको प्रगति, कमजोरी, सुधार सिफारिस र जोखिम संकेतहरू अभिलेखन गरिन्छ।

२ अनुगमन ३.प्रतिवेदन सार्वजनिक

- प्रत्येक अनुगमनपछि तयार पारिएको प्रतिवेदन स्थानीय सरकारको वेबसाइट, सूचना पाटी, वा गाउँ/नगरसभा बैठकमा सार्वजनिक गरिन्छ।
- सम्भावित जोखिम, सुधारका सिफारिस, बजेट अनुसारको प्रगति, र जनश्रम सहभागिता लगायत विवरणहरू प्रतिवेदनमा समावेश गरिन्छ।
- निर्माण सम्पन्न भएपछि अन्तिम मूल्यांकन प्रतिवेदन अनिवार्य रूपमा तयार पार्नुपर्छ, जसका आधारमा प्रयोग अनुमति प्रमाणपत्र (completion certificate) जारी गरिन्छ।

अनुगमन तथा मूल्यांकन प्रतिवेदनको नमुना

अनुगमन प्रतिवेदन **नमुना बुँदाहरू:**

- **निर्माण आयोजनाको नाम:** जस्तै, "वडा नं. ५ को स्वास्थ्य चौकी भवन निर्माण"
- **निर्माण स्थान:** स्थानको ठेगाना र वडा नं.
- **अनुगमन मिति:** निरीक्षण भएको मिति
- **अनुगमन टोलीका सदस्यहरू:** संयोजक, प्राविधिक, समिति सदस्य, वडाअध्यक्ष आदि
- **निर्माणको चरण:** ढलान पूर्व/ढलान पश्चात/इंटीरियर कार्य/अन्तिम चरण आदि
- **प्राप्त फेला परेका बुँदाहरू:**
  - स्वीकृत नक्सा अनुसार काम भइरहेको छ/छैन
  - निर्माण सामग्रीको गुणस्तर सन्तोषजनक/असन्तोषजनक
  - कार्यस्थलमा सुरक्षा उपाय (helmets, safety net) अपनाइएको/नअपनाइएको
  - मिस्त्री/कामदारको दक्षता उपयुक्त/अयोग्य
  - निर्माण कार्यको प्रगति योजना अनुसार/ढिलाइ
- **खास कमजोरीहरू:**
  - कर्णरमा सिमेन्ट प्लास्टर चिरा परेको
  - ढलानमा लेभलको गडबडी
  - सामग्री ढुवानी ढिलाइ
- **सुधार सिफारिस:**
  - प्लास्टर सुधार गर्न ५ दिनको समय

- सामग्री जाँच गर्न इन्जिनियर परिचालन
  - नक्सा संशोधन अनुरोध गर्न
- **सम्बन्धित उपभोक्ता समिति वा निर्माण पक्षको धारणा**
- **सम्बन्धित प्राविधिकको टिप्पणी**
- **सिफारिस (ToR अनुसार):**
  - अगाडि बढाउने/अस्थायी रोक्का/अन्तिम स्वीकृति
- **संलग्न तस्वीरहरू:** निरीक्षणको फोटोग्राफ
- **अनुगमनकर्ताको हस्ताक्षर र मिति**

यस नीतिको कार्यान्वयनबाट स्थानिय तहमा निर्माण हुने सम्पूर्ण संरचनाहरूमा प्राविधिक गुणस्तर, सार्वजनिक पारदर्शिता, सुरक्षा र दिगोपन सुनिश्चित हुनेछ। अनुगमन र मूल्यांकनलाई एकीकृत प्रक्रिया, प्रणालीगत व्यवस्थापन, र नागरिक सहभागिता सहित कार्यान्वयन गर्न सकेमा संरचनागत सुरक्षामा महत्वपूर्ण योगदान पुग्नेछ।

## जोखिम तथा जोखिम न्यूनीकरण

सिँजा भौगोलिक रूपमा बहु–जोखिमयुक्त पालिका हो जहाँ विभिन्न प्राकृतिक विपद्हरू (जस्तै: भूकम्प, पहिरो, बाढी, डुबान) को सम्भावना उच्च छ। संरचना निर्माण गर्दा यी जोखिमहरूलाई यथार्थ रूपमा मूल्याङ्कन नगरेको खण्डमा जनधनको क्षति हुन सक्ने सम्भावना अत्यधिक हुन्छ। त्यसैले, सुरक्षित संरचना निर्माणका लागि जोखिम पहिचान, न्यूनीकरण र विपद् पूर्व तयारी योजना अपरिहार्य छ।

### १. जोखिम पहिचान (Risk Identification)

जोखिम पहिचान भन्नाले संरचना निर्माण हुने स्थान वा क्षेत्रको प्राकृतिक, भूगोलिक तथा सामाजिक जोखिमहरूको पहिचान, वर्गीकरण र विश्लेषण गर्ने प्रक्रिया हो।

मुख्य प्राकृतिक जोखिमहरू:

क. भूकम्प जोखिम

- नेपाल भूकम्पीय सक्रिय क्षेत्र (seismic zone) मा पर्छ।
- कमजोर जमिन, भू–स्खलन क्षेत्र, Fault line नजिकको क्षेत्रमा भवन बनाउँदा जोखिम अत्यधिक हुन्छ।

- पुराना र जिर्ण संरचनाहरू (non-engineered structure) भूकम्प प्रतिरोधी हुँदैनन्।

ख. पहिरो जोखिम

- पहाडी क्षेत्रहरूमा अव्यवस्थित जग्गा उपयोग, सडक विस्तार वा कटानका कारन पहिरोको जोखिम बढ्दो छ।
- भिरालो जमिन, पर्खालविहीन संरचना, माटोको संकटन आदि जोखिमयुक्त संकेत हुन्।

ग. बाढी र डुबान जोखिम

- नदी किनार, खोला आसपास, जलनिकासी प्रणाली कमजोर भएको क्षेत्रहरू विशेष जोखिममा पर्छन्।

घ. मानव निर्मित जोखिम

- संरचनाको मापदण्ड विपरीत निर्माण, नक्सा बिना निर्माण, घटिया सामग्री प्रयोग आदि।

जोखिम पहिचानको विधिहरू

- GIS/Remote sensing आधारित नक्शा विश्लेषण
- स्थलगत निरीक्षण र भू-प्राविधिक सर्वेक्षण
- समुदायमा आधारित जोखिम मूल्याङ्कन (CBDRA)
- स्थानीय अनुभूति, अनुभव र इतिहासको आधारमा विश्लेषण

## २. जोखिम न्यूनीकरण उपायहरू (Risk Mitigation Measures)

एक पटक जोखिम पहिचान भएपछि संरचना निर्माणको सम्पूर्ण चक्रमा जोखिम न्यूनीकरण रणनीति लागू गर्नुपर्छ।

प्राविधिक उपायहरू:

- भूकम्प प्रतिरोधी डिजाइन (Earthquake-resistant design) अनिवार्य गर्नु।
- सुदृढ जग, बलियो पर्खाल, सन्तुलित भार बँडफाँड सुनिश्चित गर्नु।
- पहिरो सम्भावित क्षेत्रमा Gabion wall, Retaining wall निर्माण गर्नु।



- बाढी सम्भावित क्षेत्रमा Raised Foundation, Water diversion system प्रयोग गर्नु।
- निकास प्रणाली सुधार गरी जल जमिनबाट बच्ने उपाय अपनाउनु।
- NBC (National Building Code) को अनिवार्य पालना।

संस्थागत उपायहरू:

- जोखिम न्यूनीकरण विषयमा सम्बन्धित निकायका कर्मचारीहरूलाई तालिम प्रदान गर्नु।
- जोखिम नक्सांकन गरी निर्माण निषेध क्षेत्र तोक्ने।
- जोखिममा रहेका संरचनाको मर्मत, पुनःनिर्माण वा स्थानान्तरण गर्नु।
- सुरक्षित निर्माण सम्बन्धी जनचेतना अभिवृद्धि।
- जोखिम न्यूनीकरण कार्ययोजना (DRRM Plan) मा संरचना सम्बन्धी विषय समावेश गर्नु।

नीतिगत उपायहरू:

- भवन निर्माण अनुमति प्रणालीलाई डिजिटलाइज गर्नु।
- जोखिमयुक्त क्षेत्रको निर्माण अनुमति अस्वीकृत गर्ने कानुनी प्रावधान।
- जोखिम न्यूनीकरणमा लगानी बढाउने नीतिगत प्रतिबद्धता।

## ३. विपद् पूर्व तयारी योजना (Disaster Preparedness Plan)

विपद् पूर्व तयारी भन्नाले सम्भावित विपद्को सामना गर्न आवश्यक जनशक्ति, स्रोत साधन, संरचना, प्रक्रिया तथा संयन्त्रलाई अग्रिम रूपमा तयारी अवस्थामा राख्ने कार्य हो।

### मुख्य पूर्व तयारी उपायहरू:

क. संरचनात्मक तयारी:

- भवनमा आपतकालीन निकासी मार्ग (emergency exit) सुनिश्चित गर्नु।
- सुरक्षात्मक साइनबोर्ड र आपतकालीन संकेतहरू राख्नु।
- समुदायस्तरमा सुरक्षित आश्रयस्थल पहिचान गर्नु।
- गोदाम (emergency warehouse) मा राहत सामग्री भण्डारण गर्नु।

ख. जनशक्ति तथा अभिमुखीकरण:

- विद्यालय, स्वास्थ्य संस्था र सामुदायिक भवन प्रयोगकर्ताहरूलाई विपद् तयारी तालिम।
- समुदाय–स्तरमा DRR समितिहरू गठन।

- विपद्को बेलामा सञ्चार र उद्धार संयन्त्र तालिम।

ग. संस्थागत तयारीः

- स्थानीय विपद् व्यवस्थापन योजना (LDCRP) बनाउने र अद्यावधिक राख्ने।
- DRR नीति र कार्ययोजना अनुसार प्रत्येक संरचना निर्माणको पूर्व–स्वीकृति सन्दर्भमा जोखिम मूल्याङ्कनको दायित्व तोक्ने।
- विपद् बेलाको समन्वय केन्द्र (command post) व्यवस्था गर्नु।

घ. सामग्री तयारीः

- प्राथमिक उपचार सामग्री, दमकल, पानीको स्टक, टेन्ट, पावर बैंक आदि तयारीमा राख्ने।
- आपतकालीन उपकरण (जस्तै स्ट्रेचर, अग्निनिरोधक, टर्च लाइट) जाँच गर्ने।

सुरक्षित संरचना निर्माण केवल नक्सा पास गरेर मात्र सम्भव हुँदैन। जोखिम पहिचान, न्यूनीकरण रणनीति र पूर्व तयारी योजनालाई निर्माण प्रक्रिया सँगै लागू नगर्ने हो भने विपद्को बेला संरचना नै मुख्य जोखिम बन्नसक्छ। त्यसैले, स्थानीय तहले पूर्व मूल्याङ्कन, सुरक्षित डिजाइन, आपतकालीन तयारी र सामुदायिक सहभागिता मार्फत संरचना निर्माण प्रक्रियालाई पूर्ण सुरक्षित बनाउनुपर्छ।

## खारेजी र बचाउ

यस नीतिको कार्यान्वयनसँगै यसअघि लागू भएका संरचना निर्माणसँग सम्बन्धित स्थानीय तहद्वारा स्वीकृत कार्यविधि, निर्देशिका वा मापदण्डहरू जुन यस नीतिसँग बाझिन्छन्, ती स्वतः खारेज भएका ठहर्छन्।

तर, यदि कुनै विषय यस नीतिमा स्पष्ट उल्लेख नभएको खण्डमा, पुराना कार्यविधिमा उल्लेख भएको भए सो कार्यविधि अस्थायी रूपमा मान्य हुनेछ जबसम्म यो नीतिको परिपुरक निर्देशिका नबनाइन्छ।

यो नीति लागू हुनु पूर्व निर्माणको स्वीकृति लिइसकेका, कार्य प्रारम्भ भइसकेका वा सम्पन्न भइसकेका संरचनाहरूको हकमा यो नीति पछाडि फर्केर लागू हुनेछैन।

तर, ती संरचनाहरू जोखिमयुक्त, भूकम्प/विपद् असुरक्षित वा कानुनविपरीत प्रमाणित भएमा यस नीतिअन्तर्गत सुधार, मर्मत, पुनः मूल्याङ्कन वा आवश्यक कारबाही गर्न सकिनेछ।

अनुसुचि १

**भवन निर्माण सम्पन्न प्रमाण पत्र**

श्री/श्रीमती/सुश्री ........................................................ ले यस पालिका वडा नं. ........, ........................................ मा मिति ........................
साविक ...............................गा.वि.स./न.पा.वडा नं. ........, ........................................ गरिएको छ।
मा ............तल्ला सम्मको भवन निर्माण कार्य पूरा भएकोले यो प्रमाणपत्र जारी गरिएको छ।

१. जग्गाको विवरण: यस पालिका............ वडा नं. ........, ........................... साविक ........................
गा.वि.स./न.पा. वडा नं. ........, ........................ कित्ता नं.: .................. क्षेत्रफल ........................
.................. उपक्षेत्र: ..................

२. चार किल्ला पूर्व: ............................ पश्चिम: ............................ उत्तर: ............................ दक्षिण
............................

३. जग्गा धनीको नाम थर श्री ........................................................................

४. भवन धनीको नाम थर श्री ........................................................................

५. भवन निर्माणको विवरण

क) नक्सा पास मिति: २०.........।..........।.........

ख) तल्ला थप मिति २०.........।........।.........

ग) नक्सा पास नगरी बनाएको भए नियमित गरिएको मिति:२०.......।........।........

घ) भवन बनेको साल: ....................................

ङ) भवननिर्माणको किसिम: ..............................

च) भवनको प्रयोजन:....................................

६. भवनको क्षेत्रफल स्वीकृत नक्सा अनुसार बनाउन पाउने निर्माण भएको

क) कभरेज वर्ग मि./फिट ........................ ............................ ............................

ख) भूमिगत/अर्धभूमिगत तल्ला ........................ ............................ ............................

ग) जमिन तल्ला ........................ ............................ ............................

घ) पहिलो तल्ला ........................ ............................ ............................

ङ) दोस्रो तल्ला ........................ ............................ ............................

च) तेस्रो तल्ला ........................ ............................ ............................

छ) चौथो तल्ला ........................ ............................ ............................

ज) पाँचौं तल्ला ........................ ............................ ............................

झ) जम्मा क्षेत्रफल ........................ ............................ ............................

ञ) कम्पाउण्ड वाल (फिट) ........................ ............................ ............................

७. भवनको जम्मा उचाई: क) नक्सा अनुसार पाउने .................. मि./फिट ख) निर्माण भएको .............. मि./फिट

८. भवन जग्गासँग जोडिएको बाटोको किसिम: गोरेटो/कच्ची मोटर बाटो/पक्की मोटर बाटो/अरनिको हाइवे उक्त बाटोको केन्द्र रेखाबाट छोड्नु पर्ने दूरी .................. फिट। छोडेको दूरी ........................ फिट।

९. नदी/राजकुलो/खोला आदिको किनारामा भए छोड्नु पर्ने दूरी .................. फिट। छोडेको दूरी .............. फिट।

१०. बिजुलीको तार नजिक भए छोड्नु पर्ने दूरी ............................ फिट। छोडेको दूरी .............. फिट।

११. निकास सम्बन्धी विवरण: क) ढल ............................ ख) सेफ्टी ट्याँङ्की ............................

१२. राजस्व रकम रु. : क) ............................ ख) रसिद नं. ............................ ग) जरिवाना ............................

१३. अन्य कुनै विवरण

..................................................................................................................................................................................

.......................................................................................................................... पेश गर्ने जाँच गर्ने सिफारिस गर्ने

...................... ...................... ...................... ......................

स्वीकृत गर्ने मिति:........................ मिति:........................ मिति:........................ मिति:..........

अनुसुचि २

गाउपालिकाको कार्यालय प्राविधिक सहायता लिनका लागि घरधनीले भर्नु पर्ने आवेदन फाराम

श्रीमान् अध्यक्ष/सचिवज्यू,

..........................................................

पालिकाको कार्यालय/प्रमुख/कार्यकारी अधिकृत ज्यू, ..................................

**विषयः प्राविधिक सहायता का लागि अनुरोध बारेमा**

निर्माणाधीन रहेको/निर्माण हुने मेरो घरको उल्लेखित विषयमा प्राविधिक सहायताको व्यवस्था गरीदिनु हुन देहाय बमोजिमको विस्तृत विवरण सहित यो निवेदन पेश गरेको छु। साथै यसमा लेखिएको व्यहोरा ठीक साँचो हो र मैले निर्माण गर्न लागेको घरको साँध सिमानामा कुनै विवाद रहेको छैन भनी घोषणा गर्दछु।

निर्माणस्थलको सुनिश्चितता गरिदिन प्राविधिक सहायता उपलब्ध गराईदिनु हुन जग निमाणका लागि प्राविधिक सहायता उपलब्ध गराईदिनु हुन प्लिन्थ तहभन्दा माथिको निर्माणका लागि प्राविधिक सहायता उपलब्ध गराईदिनु हुन प्रवलीकरण/मर्मत सम्भारका लागि प्राविधिक सहायता उपलब्ध गराईदिनु हुन अनुरोध गर्द छु।

घरधनी/को नाम, थरः ..................................................................

बन्दै गरेको घर रहेको स्थानको ठेगानाः जिल्ला ............................ पालिका ............................वडाः......... गाउँ/टोलः ........................................ जग्गाको कित्ता नं.: ........ बन्दै गरेको घरको किसिमः स्वीकृत नक्शा डिजाइन मध्येको भए, डिजाइन नं.: ...........

अन्य आफ्नै नक्शा डिजाइन भए,

गारो/पिलरको किसिम नं.: ............................................

तला/छानाको किसिम नं.: ............................................

अन्यः ......................................................................

निवेदकको नाम, थर : ..................................................................

हस्ताक्षरः ...................................................... मितिः ..............................

आवेदन दर्ता नं.: ...................................................आवेदन दर्ता मितिः ........................................

आवेदन दर्ता गर्ने कर्मचारीको नाम, थरः ...................................................पदः ..................................

हस्ताक्षरः ........................................

......................................(अर्धकट्टी घरधनीलाई उपलब्ध गराउने )...........................................

लाभग्राही घरधनीको जानकारीको लागि:

आवेदन दर्ता नं.: ................................... आवेदन दर्ता मितिः ...................................

आवेदन दर्ता गर्ने कर्मचारीको नाम, थरः ........................................................................ पदः ...........................

हस्ताक्षरः ................................................................................................

अनुसुचि ३

निर्माणाधीन घरको निरीक्षण वा पुनःनिरीक्षणको लागि भर्नु पर्ने आवेदन फाराम

निर्माणाधीन घरको निरीक्षण वा पुनःनिरीक्षणको लागि भर्नु पर्ने आवेदन फाराम

पालिकाको कार्यालय निर्माणाधीन घरको निरीक्षण वा पुनःनिरीक्षणको लागि भर्नु पर्ने आवेदन फाराम

गा.वि.स.को ...........................................................

श्रीमान्,अध्यक्ष/सचिवज्यू,

कार्यालय/प्रमुख/कार्यकारी अधिकृत ज्यू, ......................................

पालिकाको कार्यालय, आवास निर्माण अन्तर्गत निर्माणाधीन रहेको मेरो घरको निरीक्षण/पुनःनिरीक्षण गरी पास गरीदिनुहुन वा उपयुक्त निर्देशन गरीदिनुहुन तथा आवास निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराइदिनु हुनको निमित्त देहाय बमोजिमको विस्तृत विवरण सहित यो निवेदन पेश गरेकोछु ।

घरधनी को नाम, थरः ........................................................................ बन्दै गरेको घर रहेको स्थानको ठेगानाः ................................................................ वडाः .......... गाउँ/टोलः ........................... गा.पा. .............................

जिल्ला ........................... जगगाको कित्ता नं.: ........ बन्दै गरेको घरको किसिमः स्वीकृत नक्शा डिजाइन मध्येको भए, डिजाइन नं.: .......... अन्य आफ्नै नक्शा डिजाइन भए, गारो/पिलरको किसिम नं.: .................................... तला/छानाको किसिम नं.: ....................................................... निर्माण सम्पन्नको अवस्थाः जग सम्पन्न

अन्यः ................................................................ तहसम्म पुगेको निर्माण सम्पन्न भइसकेको यो भएको झ्याल-ढोका सम्पन्न भई छाना/तला बनाउने तहसम्म सम्पन्न भन्दा अघि जाँच भई पास भएको जग सम्पन्न भई पास भएको छाना/तला बनाउने तहसम्म सम्पन्न भई पास भएको निर्माण सम्पन्न भई पास भएको आवेदन दर्ता नं.: ........................................ आवेदन दर्ता मितिः ........................................ आवेदन दर्ता गर्ने कर्मचारीको नाम, थरः ........................................ पदः ........................... हस्ताक्षरः ......................................

निवेदकको नाम,थरः ........................................................

हस्ताक्षरः ................................................................................

मितिः ........................... ......................................

(अर्धकट्टी घरधनीलाई उपलब्ध गराउने ).......................................... घरधनीको जानकारीको लागि: आवेदन दर्ता नं.: ................................ आवेदन दर्ता मितिः ...............................

आवेदन दर्ता गर्ने कर्मचारीको नाम, थर: ........................................................ पद: ............................... हस्ताक्षर:.....................................

अनुसुचि ४

सुधार/प्रबलीकरण आदेश तथा निरीक्षण फाराम
प्राविधिक सहायता टोलीको तर्फबाट निर्माणस्थलको सुनिश्चितता र जग निर्माणको रेखाकंन तहसम्मको सुधार/प्रबलीकरण आदेश तथा निरीक्षण फाराम

प्राविधिक सहायता टोलीको तर्फबाट निर्माणस्थलको सुनिश्चितता र जग निर्माणको रेखाकंन तहसम्मको सुधारको लागि जानकारी/निर्देशन दिने फाराम सुधार/प्रबलीकरण आदेश तथा निरीक्षण फाराम घरहरुको निर्माण निरीक्षण कार्यविधि" अनुरुप मिति .......................... गते, ................................ को निर्माणाधीन भवनको विस्तृत निरीक्षण पश्चात् निजको निर्माणाधीन भवनले निर्माणस्थलको सुनिश्चितता र जग निर्माणको रेखाकंन तहसम्मको न्यूनतम आवश्यकता पूरा नगरेको पाइएको हुनाले यो सुधारको लागि यो निर्देशन गरिएको छ।

घरधनी को नाम................................ सम्झौता क्र. सं .......................................... नागरिकता प्रमाणपत्र नम्वर............................................ क) घरको जाचको लागि दिइएको आवेदनमा भएको विवरण स्वीकृत नक्शा-डिजाइन मध्येको भए डिजाइन नं.: ........................................ अन्य आफ्नै नक्शा डिजाइनको हकमा गारो/पिलरको किसिम नं.: ................................................... तला/छानाको किसिम नं.: ............................................................ अन्य: .............................................................................................. ख) सुधार वा प्रवलीकरणको प्राविधिक विवरण प्राविधिक निरीक्षणपछि सुधार वा प्रवलीकरणको लागि दिइएको निर्देशन सुधारपछिको अवस्था

१.